
पुस – २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष २३, अङ्क १८ | २०७१, पुस १६–३० | पूर्णाङ्क ५४०



प्रकाशक

**सर्वोच्च अदालत**

**रामशाहपथ, काठमाडौं**

**फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)**

**फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८**

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

**माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य**
**नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय- सदस्य**
**अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल - सदस्य**
**सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष | ६ |
| संयुक्त | ६ |
| इजलास नं. १ | ८ |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | ५ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ६ | ८ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ९ | १ |
| एकल इजलास | ७ |
| जम्मा | ५२ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७१, पुस – १, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०—०१—३३३—५५

वा

## इमेल ठेगाना

## cjscomplain@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-४** |
| १. | उत्प्रेषण | राजन बुर्लाकोटी वि. नेपाल कानून व्यवसायी परिषद्, कुपण्डोलसमेत | |
| २. | उत्प्रेषण | प्रविणता पोखरेलसमेत वि. सम्माननीय राष्ट्रपति, राष्ट्रपतिको कार्यालय, शीतलनिवास, काठमाडौंसमेत | |
| ३. | उत्प्रेषण/ प्रतिषेध | अम्बिकाप्रसाद चौहानसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ४. | उत्प्रेषण/ परमादेश | शिवराम बोहजुसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ५. | उत्प्रेषण/ परमादेश | कमला वाग्ले भट्टराईसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ६. | उत्प्रेषण | शान्ता पन्तसमेत वि. सम्माननीय राष्ट्रपतिको कार्यालय, शीतल निवाससमेत | |
| **संयुक्त इजलास** | | | **४-९** |
| ७. | कर्तव्य ज्यान | नेपाल सरकार वि.डिल्लीप्रसाद को□ला | |
| ८. | उत्प्रेषण/ परमादेश | कामी शेर्पा वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत | |
| ९. | उत्प्रेषण/ प्रतिषेध | अधिवक्ता अन्चन भट्टराई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयसमेत | |
| १०. | उत्प्रेषण/ परमादेश | अधिवक्ता दिमोद श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ११. | हातहतियार खरखजाना | नेपाल सरकार वि. देवेन्द्र खड्का राजधोब | |
| १२. | बन्दी प्रत्यक्षीकरण | रमण चौधरी वि. □ाका प्रहरी कार्यालय, तुलसीपुर, दाङसमेत | |
| **इजलास नं. १** | | | **९-१६** |
| १३. | अंश दिला□ाऊँ | विष्णु राई वि. लक्ष्मी राई | |
| १४. | भ्रष्टाचार | नेपाल सरकार वि. नारायणबहादुर घर्तीमगर | |
| १५. | छुट जग्गा दर्ता | मालपोत कार्यालय, कास्की वि. ज्ञानबहादुर प्रधानसमेत | |
| १६. | उत्प्रेषण/ परमादेश | महानगरीय प्रहरी परिसर, काठमाडौं वि. दीपेन्द्र चापागाईं | |
| १७. | परमादेश | मैयाँकुमारी तामाङ वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत | |

| | | |
|---|---|---|
| १८. | निर्णय बदर रै.प. दर्ता | कान्छी श्रेष्ठसमेत वि. जगतकृष्ण श्रेष्ठ |
| १९. | निषेधाज्ञा | देवशरण महतोसमेत वि. लक्ष्मी महतो नुनियाँ |
| २०. | जग्गा खिचोला गोठ घर दिवाल हटाई चलन | रामानन्द राय यादवसमेत वि. कृष्णप्रसाद यादव |
| **इजलास नं. २** | | **१६-१७** |
| २१. | जबर्जस्ती करणी | नेपाल सरकार वि. बिल्टु पण्डित कुम्हाल |
| २२. | सरकारी छाप दस्तखत कीर्ते | नेपाल सरकार वि. यदुकुमार आचार्य |
| **इजलास नं. ३** | | **१७-२०** |
| २३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बमबहादुर वादी |
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हिरासिँह थापामगर |
| २५. | उत्प्रेषण/ परमादेश | एपोलोकुमार भगसमेत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| २६. | हाडनातामा जबर्जस्ती करणी | नेपाल सरकार वि. गजेन्द्र तुम्बापो |
| २७. | उत्प्रेषण/ परमादेश | दलबहादुर थापा वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| **इजलास नं. ४** | | **२०-२२** |
| २८. | कर्तव्य ज्यान डाँका | [illegible] थापाको जाहेरीले नेपाल सरकार वि. परिमल शाह |
| २९. | जबर्जस्ती करणी | हरि भन्ने हरिलाल मण्डल वि. शर्मिलादेवी मण्डलको जाहेरीले नेपाल सरकार |
| **इजलास नं. ५** | | **२२-२८** |
| ३०. | बन्दी प्रत्यक्षीकरण | होम भन्ने हेमबहादुर श्रेष्ठको हकमा सरीता श्रेष्ठ खत्री वि. महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाडौंसमेत |
| ३१. | अंश चलन | पदम न्यौपाने वि. आरती न्यौपाने |
| ३२. | परमादेश | सञ्चालक समिति, नेपाल विद्युत् प्राधिकरण, काठमाडौंसमेत वि. कमलराज नाख्वासमेत |
| ३३. | निषेधाज्ञा | किसनलाल झागड (उराउ) समेत वि. विमलप्रसाद घिमिरे |
| ३४. | लुटपीट | भिखनीदेवी भुसकुलिया वि. बिल्टु यादव |

| इजलास नं. ६ | | | २८-३३ |
|---|---|---|---|
| ३५. | उत्प्रेषण/ परमादेश | न्हुछेबहादुर महर्जनसमेत वि. हेरालाल महर्जनसमेत | |
| ३६. | उत्प्रेषण/ परमादेश | कमलादेवी ठकुरानी वि. उर्मिलादेवी वर्मासमेत | |
| ३७. | उत्प्रेषण | मायानन्द झा वि. भूमिसुधार कार्यालय, सप्तरीसमेत | |
| ३८. | कुत दिलाई मोही निष्काशन | मायानन्द झा वि. विलुर भन्ने विलट यादव | |
| ३९. | लागु औषध | नेपाल सरकार वि. राजेश खड्गीसमेत | |
| ४०. | माना चामल | राम खड्का वि. सरिता खड्का | |
| **इजलास नं. ७** | | | ३४-३५ |
| ४१. | जोत नामसारी | शेरबहादुर सुवाल वि. श्रीभक्त सुवाल | |
| ४२. | बन्दी प्रत्यक्षीकरण | मित्रध्वज लामा वि. तातोपानी भन्सार कार्यालय, सिन्धुपाल्चोकसमेत | |
| **इजलास नं. ९** | | | ३५ |
| ४३. | बैनाको रकम दिलाई भराउँ | युद्धहर्ष बज्राचार्य वि. गङ्गाकुमारी सिवाकोटी | |

| एकल इजलास | | | ३५-३९ |
|---|---|---|---|
| ४४. | बन्दी प्रत्यक्षीकरण | विकास तामाङको हकमा जङ्गबहादुर तामाङ वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत | |
| ४५. | बन्दी प्रत्यक्षीकरण | विनोद बस्नेतको हकमा अजय बस्नेत वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत | |
| ४६. | बन्दी प्रत्यक्षीकरण | अजय लामासमेत वि. महानगरीय प्रहरी वृत्त, बौद्ध काठमाडौंसमेत | |
| ४७. | बन्दी प्रत्यक्षीकरण | छाओ ताय छिन(Cao Daiqing) वि. काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत | |
| ४८. | उत्प्रेषण/ परमादेश | छाङ ग्यु मिङग (Zhang Guo Ming) वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | |
| ४९. | बन्दी प्रत्यक्षीकरण | दिपेस बस्नेतका हकमा अधिवक्ता विमला यादव वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत | |
| ५०. | उत्प्रेषण/ परमादेश | नवराज भण्डारी वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत | |

**सर्वोच्च अदालतका नियमित प्रकाशनहरू**

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजिर संग्रह, २०६३
- विषयगत नजिर संग्रह, २०६६
- विषयगत नजिर सारसङ्क्षेप सङ्कलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

  भाग १ : संवैधानिक कानून
  भाग २ : सार्वजनिक सरोकार
  भाग ३ : मानव अधिकार तथा लैङ्गिक न्याय
  भाग ४ : देवानी कानूनः सम्पत्ति
  भाग ५ : देवानी कानूनः पारिवारिक
  भाग ६ : फौजदारी कानूनः सरकारवादी
  भाग ७ : फौजदारी कानूनः दुनियावादी
  भाग ८ : कार्यविधि कानूनः देवानी
  भाग ९ : कार्यविधि कानूनः फौजदारी
  भाग १० : उद्योग, वाणिज्य र कर
  भाग ११ : राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको तेस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)

  - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
  - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
  - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
  - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
  - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)

- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फुलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

## विशेष इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WS-००३५, उत्प्रेषण, *अधिवक्ता राजन बुर्लाकोटी वि. नेपाल कानून व्यवसायी परिषद्, कुपण्डोलसमेत*

परिषद्ले कानून व्यवसायीको विवरण अद्यावधिक गर्दा अनिवार्यरूपमा कुनै बार इकाइकै सिफारिस अनिवार्य हुन्छ भनी अर्थ गर्दा त्यस्ता कानून व्यवसायीले आफ्नो व्यवसाय गर्ने हक तथा सो व्यवसाय गर्ने सिलसिलामा फर्म दर्ता गर्नेलगायतका व्यवसायसँग सम्बद्ध रहने कतिपय कुराहरूबाट वञ्चित हुनेसम्मको अवस्था आउन सक्ने देखियो । तसर्थ संविधानले दिएको व्यावसायिक हकमा अनुचित बन्देज वा व्यवसाय सञ्चालनमा अवरोध गर्ने प्रत्यक्ष वा परोक्ष कुनै पनि अवरोधहरू रहन दिन वाञ्छनीय नभएकोले कुनै कानून व्यवसायीले कुनै बार इकाइको सिफारिसबिना सीधै नेपाल कानून व्यवसायी परिषद्समक्ष नियम १३(२) बमोजिम लगत अद्यावधिकको लागि निवेदन/फाराम बुझाउन वा अद्यावधिक गर्न आवश्यक प्रमाणसहित निवेदन दिन आएमा परिषद्ले आफूसँग भएको विवरणअनुसार मुनासिब ठहरिएमा त्यस्तो लगत सङ्कलन तथा अद्यावधिक जो जे गर्नुपर्ने हो गरिदिनु, बार इकाइमार्फत अद्यावधिक गर्न नआएको कारणले मात्र सो प्रक्रियामा अवरोध नगर्नु नगराउनु भनी विपक्षी नेपाल कानून व्यवसायी परिषद्को नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल जेठ २९ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या. श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६९-WS-००६९, उत्प्रेषण, *प्रविणता पोखरेलसमेत वि. सम्माननीय राष्ट्रपति, राष्ट्रपतिको कार्यालय, शीतलनिवास, काठमाडौंसमेत*

संविधानबमोजिम कुनै कानून अमान्य बदर गर्ने कुरा क्रियाशील रहेको कानूनको हकमा लागू हुने हो । रिट निवेदन दायर गर्दा कानूनको रूपमा बहाल रहेको भए तापनि सुनुवाइको बखत स्वतः निस्क्रिय भैसकेको कानूनको वैधानिकताको परीक्षण गर्ने कुरा निरर्थक हुन जाने भनी सिद्धान्त कायम भएको देखिन्छ । उक्त सिद्धान्तबाट पनि सुनुवाइ हुँदाको बखत अस्तित्वमा नरही निस्क्रिय भएको अध्यादेशको न्यायिक पुनरावलोकन हुन नसक्ने देखिन आउँदा निवेदकहरूले चुनौती दिइएको नेपाल नागरिकता ऐन, २०६३

लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०६९ मिति २०६९।१२।२९ मा जारी भएकोमा संविधानको धारा ८८ को उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ग) बमोजिम व्यवस्थापिका-संसदको बैठक बसेको साठी दिन व्यतीत भै स्वतः निस्क्रिय भइसकेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल साउन २९ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WS-००४०, उत्प्रेषण/प्रतिषेध, *अम्बिकाप्रसाद चौहानसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

रिट निवेदकको माग दावीबमोजिम आदेश जारी हुने हो होइन भनी हेर्दा निवेदकहरूलाई मात्र विभेद गर्ने उद्देश्यबाट शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधित) को नियम १२ को उपनियम (१क) र (१ख) थप गरिएको स्थिति नभएकाले सो व्यवस्था संविधानप्रतिकूल नहुने साथै यसैसम्बन्धी विवाद समावेस भएको यसै लगाउको रिट नं. ०६९-WS-००४२ को उत्प्रेषण/परमादेश रिटमा शिक्षक सेवा आयोग नियमावली, २०५७ (सातौं संशोधन, २०६९) बमोजिम थप भएको नियम १२ को उपनियम (१क) र (१ख) को व्यवस्था र सोबमोजिम मिति २०६९।९।२० गते प्रकाशित भएको विज्ञापन बदर नहुने भै आज यसै इजलासबाट रिट खारेज भएको हुँदा र मिति २०६९।९।२० गते प्रकाशित भएको विज्ञापनबमोजिम शिक्षक पदपूर्तिको काम सम्पन्न भइसकेको स्थितिमा मागबमोजिमको उत्प्रेषण/प्रतिषेधको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत: महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WS-००४२, उत्प्रेषण/परमादेश, अधिवक्ता शिवराम बोहजुसमेत वि. *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

शिक्षा र शिक्षक भर्नासँग सम्बन्धित कानूनहरूको उद्देश्य शिक्षा प्रणालीलाई सुदृढ गर्ने, समयसापेक्ष बनाउने, शिक्षाको गुणस्तर वृद्धि गर्ने, योग्य विद्यार्थी उत्पादन गर्ने, शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने, शैक्षिक क्षेत्रलाई सम्मानित बनाउने, विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै निरक्षरतालाई निर्मूल गर्ने रहेको हुन्छ । शिक्षा ऐन, २०२८ को प्रस्तावनामा "राष्ट्रिय विकासको लागि चाहिने जनशक्ति तयार गर्न बहुदलीय प्रजातान्त्रिक व्यवस्थाअनुकूल सर्वसाधारण जनताको

सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले उक्त ऐन निर्माण भएको उल्लेख हुँदा समग्र शैक्षिक क्षेत्रमा स्थायित्व कायम गरी शिक्षाको विकास गर्ने स्थायी तवरले शिक्षकहरू पदपूर्ति गर्ने चरणवद्ध कार्यक्रमअनुसार पहिलो चरणमा ०६३।१।११ देखि रिक्त रहेका शिक्षक पदहरू पदपूर्ति गर्ने गरी शिक्षक सेवा आयोग नियमावली, २०५७ (सातौं संशोधन, २०६९) बाट थप गरेको नियम १२ को उपनियम (१क) र (१ख) को व्यवस्था, रिट निवेदकले दावी गरेजस्तो शिक्षा ऐन, २०२८ को दफा ११ (च) को उपदफा १ को उपदफा १ को खण्ड (घ), ऐ. दफा ११च को उपदफा (१क) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले प्रदान गरेको समानताको हकसँग बाझिएको नदेखिएको हुनाले उत्प्रेषण/परमादेशको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WS-००४७, उत्प्रेषण/परमादेश, *कमला वाग्ले भट्टराईसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

एकै किसिमबाट अस्थायी नियुक्त भएका शिक्षक उम्मेद्वारहरूलाई भेदभाव गरिएको भए निवेदिकाहरूले लिएको जिकिर मान्य हुन सक्थ्यो तर स्वीकृत स्थायी दरबन्दीमा अस्थायी नियुक्त हुने कुरा र परियोजना वा राहत कोटामा अस्थायी नियुक्त हुने कुरा एकै प्रकारको नभै फरकफरक किसिमको हुन जान्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१) मा नेपाली नागरिकहरूलाई समानताको हक प्रदान गरिएको छ । तर समानताको हक समान किसिमका व्यक्तिका बीचमा भेदभाव गर्न नहुने अवधारणामा आधारित हुन्छ । रिटमा उल्लेख भएबमोजिम शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ९(५) नं. मा रहेको प्रावधान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १८, २१ समेतसँग बाझिएको देखिन नआउँदा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ९(५) मा “यो नियम प्रारम्भ भएका बखत स्वीकृत स्थायी दरबन्दीमा कार्यरत अस्थायी शिक्षकका हकमा बाहेक मिति २०६८।४।१ देखि प्राथमिक तहको शिक्षकको लागि प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण नगरेको व्यक्ति उम्मेद्वार हुनसक्ने छैन” भन्ने व्यवस्था भएको र निवेदिकाहरू स्वीकृत स्थायी दरबन्दीमा नभै परियोजना एवम् राहत कोटामा अस्थायी नियुक्त भएका शिक्षिकाहरू भएको हुँदा निवेदिकाहरूको संविधानप्रदत्त मौलिक

हक हनन् भएको नदेखिएकाले रिट निवेदन मागबमोजिम उत्प्रेषणसमेतको आदेश जारी गर्नुपर्ने देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०३५३, उत्प्रेषण, *अधिवक्ता शान्ता पन्तसमेत वि. सम्माननीय राष्ट्रपतिको कार्यालय, शीतल निवाससमेत*

शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा (१ग) अनुसारका अस्थायी शिक्षकहरूका सम्बन्धमा यस अदालतमा परेको रिट नं. ०६५-WO-०५६५ को रिटमा प्रतियोगिताबाट स्थायी हुन नसकेका शिक्षकहरूमध्ये पाँच वर्षभन्दा बढी अवधि अस्थायी शिक्षकको रूपमा काम गरेका अस्थायी शिक्षकहरूको सम्बन्धमा तुरून्त निर्णय गरी सुविधा दिने दिलाउने व्यवस्था गर्नु भनी मिति २०६६।१०।२४ मा आदेश भइसकेको हुनाले सोही विषयमा पुन: परमादेश जारी गर्न नमिल्ने हुँदा तत् विषयमा केही गर्नु नपर्ने।

नियमविपरीत विद्यालय बन्दलगायतका काम तथा धर्ना, हड्ताल रोकिपाऊँ भन्ने मागका सम्बन्धमा त्यसरी विद्यालय बन्द गर्ने, धर्ना हड्ताल गर्ने कार्य जुनबेला जसले गर्दछ सोही बखत सम्बन्धित निकायबाट हेरिने विषय भएको हुनाले अनुमानका भरमा केही गरिरहनु नपर्ने हुँदा रिट निवेदकले निवेदनमा दावी लिएका मागहरूका सम्बन्धमा तत्काल उत्प्रेषण/परमादेश प्रतिषेधलगायतका आदेशहरू जारी गरिरहनुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०७०-RC-००९०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. डिल्लीप्रसाद कोइराला*

प्रतिवादी रत्ना कोइरालाले गरेको बयानबाट मृतक आफैं सलमा झुन्डिएर मृत्यु भएको हो। भोलिपल्ट सल मैले काटिदिएको भन्ने देखिन्छ। तर मृतकको घाँटीमा सल दबेको डामहरू लास जाँच प्रकृति मुचुल्काबाट देखिँदैन। यिनै सहप्रतिवादीले यी प्रतिवादीले कुटपीट गरी मारेको भनी गरेको पोलयुक्त बयान पनि अन्यथा हुन सकेको छैन। जीवित व्यक्ति आफैंले आत्महत्या गर्ने प्रयासस्वरूप सल लिएर वा जुनसुकै व्यहोराले पासो लगाई

झुन्डिएर मर्दा मृतकको घाँटीमा नील डामहरू बसेको हुन्छ । तर प्रस्तुत विवादमा प्रतिवादीले आफूसँगको नियमित झगडा आफूले नियमित मादक पदार्थ सेवन गरेको कारणबाट दिक्क हुनुका साथै आर्थिक कमजोरीको कारण दिक्क मानी गरेको भनेर जिकिर लिँदै सफाइको लागि पुनरावेदन अदालतमा प्रतिरक्षा गरेको भए तापनि सो कुरा प्रमाणद्वारा समर्थित हुन सकेको देखिँदैन । बरू जतन कोइरालाको बकपत्रमा मृतक मरेपछि आफैं मरेकी हो भन्ने पार्न आमाको सहयोग लिई लासलाई माथि तलामा लगी सलले झुन्ड्याएका हुन् भनी उल्लेख भएकोबाट मृतक नन्दशोभाको मृत्यु यी प्रतिवादीसमेतको कर्तव्यबाट भएको देखिन आउँदा प्रतिवादी डिल्लीप्रसाद कोइरालालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुर कायम गरी सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू कालिकोट जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने पुनरावेदन अदालत, जुम्लाको मिति २०७०।२।७ को फैसला मनासिब नै देखिँदा साधकको रोहमा सदर हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल वैशाख १९ गते रोज ६ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-WO-०९५२, उत्प्रेषण/परमादेश, *कामी शेर्पा वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत*

चलचित्र निर्माण एवम् छायाङ्कनका लागि अनुमति प्रदान गर्ने अख्तियारप्राप्त निकायहरूबाट उक्त निर्माण हुन लागेको चलचित्रमा प्रचलित कानून, धर्म, संस्कृति, परम्परा, सामाजिक सद्भावविपरीत हुने कुनै कथावस्तु वा पत्रसमेत भए नभएको भन्ने कुरा अध्ययन गरी त्यस्तो कुनै कुरा नभएको भन्ने निर्क्यौलमा पुगी चलचित्र निर्माण र छायाङ्कनको लागि अनुमतिपत्र प्रदान गरिएको भन्ने देखिएकाले उक्त चलचित्रको निर्माणबाट निवेदकले दावी गरेबमोजिम निजको संविधान र कानूनप्रदत्त कुनै पनि हकको हनन् हुने अवस्था नदेखिँदा निवेदन माग दावीबमोजिमको आदेश जारी हुने अवस्था नदेखिँदा निवेदकको मागबमोजिम उत्प्रेषण र परमादेशको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल मङ्सिर २४ गते रोज २ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-WO-१०४७, ०६९-FN-०४१९, उत्प्रेषण/प्रतिषेध, *अधिवक्ता अन्चन भट्टराई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयसमेत*

ऐन नै कार्यान्वयन हुन नसक्ने अवस्था सिर्जना भएमा के गर्ने भन्ने विषयमा ऐनको दफा ६० मा बाधा अड्काउ फुकाउ आदेश जारी गर्ने व्यवस्था गरेको पाइन्छ । ऐनको दफा ६० बाधा अड्काउ फुकाउने अधिकार: (१) यस ऐनको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले सो बाधा अड्काउ फुकाउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनको व्यवस्थासँग नबाझिने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ । (२) उपदफा (१) बमोजिम जारी गरिएको प्रत्येक आदेश यथासम्भव चाँडो संसदसमक्ष राख्नुपर्नेछ भन्ने व्यवस्था गरिएको हुनाले नेपाल सरकारले बाधा अड्काउ फुकाउ आदेश जारी गरी गर्नसक्ने कुरामा द्विविधा नरहने ।

कुनै एक जना पदाधिकारी नभएको कारण सो संस्था नै क्रियाशील हुन नसक्ने गरी निस्क्रिय अवस्थामा पुग्दा वा कानूनले तोकेको जिम्मेवारी पूरा गर्न र प्राप्त अधिकारको प्रयोग गर्न नसक्ने अवस्थामा पनि सो अधिकारको प्रयोग नगरी सरकार चुप लागी बस्न मिल्ने होइन । प्राधिकरणलाई सुचारू राख्न र कार्यालयबाट सम्पादन गरिने कार्यलाई निरन्तरता दिन आवश्यकताको सिद्धान्त (Doctrine of Necessity) ले पनि नेपाल सरकारबाट बाधा अड्काउ फुकाउने गरी आदेश जारी भएको पृष्ठभूमि तथा अवस्थालाई हेर्दा निवेदनमा दावी गरिएजस्तै दूरसञ्चार क्षेत्रलाई तहसनहस पार्न, सरकारलाई हानि नोक्सानी तथा सर्वसाधारणलाई प्रत्यक्ष मार पार्ने दुषित नियतबाट आदेश जारी गरिएको हो भनी अनुमान गर्न मिल्ने नदेखिँदा उक्त आदेश कानूनसम्मत नै मान्नुपर्ने ।

कानून बनाउने काममा मात्र विधायिका सर्वोच्च हुने भएकोले संवैधानिक सर्वोच्चता भएका हाम्रो जस्तो देशमा संविधानसँग बाझिने कानूनको कुनै स्थान हुँदैन । यसका लागि संविधान नै मापदण्ड हो । संविधान सार्वभौम जनताले आफूमा भएको संविधान निर्माण गर्ने सार्वभौम अधिकार प्रयोग गरी छानेको प्रतिनिधिमार्फत उपयुक्त प्रक्रिया र माध्यमबाट संवैधानिक अधिकारअन्तर्गत रही निर्माण गरिएको हुन्छ । विधायिका संविधानको सिर्जना हो त्यसैले संविधानले जन्माउने विधायिकाले आफूलाई जन्माउने संविधानविपरीत हुने गरी विधायिकी शक्तिको प्रयोग गरी कानून बनाउन सक्तैन । संविधानविपरीत बनेको कानून संवैधानिक प्रक्रियाद्वारा नै खारेज वा संशोधन हुनसक्छ । तर संवैधानिक प्रक्रियाद्वारा खारेज वा संशोधन गर्न पनि समय लाग्ने, विधायिकाको अधिवेशन बोलाई संविधानविपरीत बनेको ऐन खारेज वा संशोधन गर्न स्वयम्ले विधायिकालाई पर्याप्त समय नहुन सक्ने, संविधानविपरीत बनेको ऐन खारेज वा संशोधन गर्न त्यति लामो समय पर्खिरहँदा नागरिकहरूलाई संविधानले प्रदान गरेको हकहरू जोखिममा पर्ने हुँदा त्यस्तो

जोखिमबाट नागरिकहरूलाई बचाउनका लागि संविधान स्वयम्ले नै संविधानसँग बाझिने गरी बनेका त्यस्तो ऐन अमान्य गर्नसक्ने असाधारण अधिकार यस अदालतलाई धारा १०७(१) ले प्रदान गरेको हो । प्रस्तुत विवादको विषय धारा १०७(१) सँग प्रत्यक्षरूपले सम्बन्धित विषय देखिएको अवस्थामा उक्त आदेशको वैधता संविधानको धारा १०७(२) अन्तर्गत परेको रिटबाट गर्न मिल्ने हुँदैन । धारा १०७(१) को प्रक्रिया अवलम्बन गरी कानून बाझिएको आधारमा दावी गर्नुपर्नेमा सो नगरी धारा १०७(२) बमोजिमको माग दावीबाट मात्र उक्त आदेशको वैधता जाँच गर्न मिल्ने अवस्था नदेखिने ।

बाधा अड्काउ फुकाउ आदेश जारी गर्ने कार्य र एकीकृत अनुमतिपत्र दिने कार्य भनेको नितान्त अलग विषयवस्तुको रूपमा रहेको देखिन्छ । आदेश जारी गर्ने कार्य प्रत्यायोजित विधायनअन्तर्गत रही नेपाल सरकारको निर्णयबाट भएको देखिन्छ भने एकीकृत अनुमतिपत्र दिने कार्य नेपाल दूरसञ्चार प्राधिकरणको निर्णयबाट भएकाले दुई अलग निकायले अलगअलग मितिमा कानूनद्वारा आफूलाई प्राप्त अधिकारको प्रयोग गरी गरेको कार्यलाई एउटै निवेदनबाट बदरको मागदावी लिन कानूनत: मिल्ने अवस्था नहुँदा निवेदकको पूरक निवेदनको समेत कुनै औचित्य नदेखिँदा कानूनले सुम्पेको जिम्मेवारी र तोकिएको कर्तव्य पालन गर्ने सिलसिलामा दूरसञ्चार ऐन, २०५३ को कार्यान्वयनमा देखिएका बाधा अवरोध कानूनले दिएको अख्तियारीभित्र रही नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयको खण्ड ६२ फागुन १० गते २०६९ साल सङ्ख्या ४७ को राजपत्रमा प्रकाशित बाधा अड्काउ फुकाउसम्बन्धी आदेश कानूनसम्मत नै देखिँदा निवेदन मागबमोजिम बदर गर्नुपर्ने देखिएन । दूरसञ्चार ऐन, २०५३ ले व्यवस्था गरेबमोजिम नेपाल दूरसञ्चार प्राधिकरणबाट प्रकाशित मिति २०६६।१२।२९ को प्रेस विज्ञप्तिबाट निवेदकको कुनै कानून वा संविधानले प्रदान गरेको हक अधिकारमा आघात पुगेको भन्ने मान्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन, रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: ईश्वर पराजुली, विश्वनाथ भट्टराई

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७० साल असोज १ गते रोज ३ शुभम् ।

४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-WO-१०५८, उत्प्रेषण/परमादेश, *अधिवक्ता दिमोद श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

थोरै अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुर बुझाई Limited Mobility को सेवा प्रदान गर्ने सेवा प्रदायकको क्षेत्र विस्तार भैरहेको र धेरै दस्तुर बुझाएका सेवाप्रदायकहरूको पनि

सेवाको क्षेत्र एउटै हुन लागेको अवस्थामा सबै खालका सेवा प्रदायकहरूले तिर्नुपर्ने अनुमतिपत्र र नवीकरण दस्तुरको विविधतालाई हटाई एउटै मापदण्ड कायम गरी समान दस्तुर तिर्नुपर्ने व्यवस्थाका लागि मिति २०६९।२।१ मा राजपत्रमा सूचना प्रकाशित भएको देखिन आउँछ । यसरी सेवाप्रदायकहरूबीचको अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुरबीचको असमानता हटाई तिनीहरूबीच एकरूपता ल्याई एकीकृत दूरसञ्चार सेवा कायम गर्न लागिएको व्यवस्थालाई अन्यथा भन्न मिल्ने अवस्था नरहने ।

आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र लिने क्रममा सबै सेवाप्रदायकहरूलाई दिइने फ्रिक्वेन्सीमा समेत समान मापदण्ड अवलम्बन गरी एउटै धरातलमा ल्याई एउटै मापदण्ड कायम गर्ने गरी रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिले तर्जुमा गरेको उक्त नीति तथा सोमा भएको व्यवस्थालाई अन्यथा भन्न मिल्ने अवस्था देखिन नआउँदा रिट निवेदकले दावी गरेबमोजिम विपक्षी रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिले जारी गरेको दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्य) नीति, २०६९ को दफा १४ समेतको व्यवस्था दूरसञ्चार ऐन, २०५३ को दफा ४९ को विपरीत भएको भनी निवेदकले देखाउन नसकेको र उक्त नीतिको व्यवस्थाले राज्यलाई प्राप्त हुने राजस्वमा कुनै नोक्सान पुग्नसक्ने अवस्थासमेत नदेखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत: ईश्वर पराजुली, विश्वनाथ भट्टराई

इति संवत् २०७० साल असोज १ गते रोज ३ शुभम् ।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०२२६, हातहतियार खरखजाना, *नेपाल सरकार वि. देवेन्द्र खड्का राजधोब*

बरामद भएको हातहतियार यी प्रतिवादीबाट आफूले पाएको भनी सहप्रतिवादी श्याम यादवले बयान गरेका भए पनि निज सहप्रतिवादीको पोललाई समर्थित गर्ने अरू कुनै पनि स्वतन्त्र प्रमाण वादीले पेस गर्न सकेको छैन । सहप्रतिवादीको पोललाई अन्य स्वतन्त्र प्रमाणले पुष्टि नगरेसम्म त्यस्तो सहप्रतिवादीको पोलका आधारमा मात्र कसुरदार ठहर गर्नु कानून र न्यायसङ्गत हुँदैन । वादी नेपाल सरकारको पुनरावेदन जिकिरमा पनि सहप्रतिवादीको पोल बाहेक अन्य कुनै तथ्ययुक्त प्रमाणद्वारा पुनरावेदन अदालतको फैसलालाई खण्डन गर्न सकेको नदेखिँदा प्रतिवादीले आरोपित कसुर गरेको भन्ने कुरा पुष्टि हुने ठोस र विश्वसनीय प्रमाण वादीले पेस गर्न नसकेको र शङ्का एवम् अनुमानका भरमा मात्र फौजदारी मुद्दामा कसुरदार ठहर गर्न नमिल्ने हुँदा जिल्ला प्रशासन कार्यालय, सप्तरीको फैसला उल्टी

गरी प्रतिवादीलाई सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।२।२६ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल कात्तिक ३ गते रोज २ शुभम् ।

६

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WH-०००२, बन्दीप्रत्यक्षीकरण, *रमण चौधरी वि. इलाका प्रहरी कार्यालय, तुलसीपुर दाङसमेत*

रिट निवेदकले निजलाई स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको दिएको जन्मदर्ताको प्रमाणपत्रको सक्कल पेस गर्न नसकी सोको फोटोकपि मात्र पेस गरेको देखिएको र निज अध्ययनरत श्री माध्यमिक विद्यालयले निजको जन्ममिति २०५३।६।५ रहेको भनी उक्त विद्यालयमा रहेको अभिलेखसहितको पत्र दाङ देउखुरी जिल्ला अदालतमा पठाएको देखिएको हुँदा निवेदकको जन्ममिति २०५५।६।५ मा नै रहेछ भन्न सकिने अवस्था नहुने ।

निवेदकको जन्ममितिको आधिकारिकताका सम्बन्धमा दाङ देउखुरी जिल्ला अदालतले प्रमाण बुझेकै देखिएको छ र जिल्ला अदालतले बुझेको प्रमाणका आधारमा निजको जन्म मितिको सम्बन्धमा र उमेरका सम्बन्धमा निवेदकउपर चलेको जबर्जस्ती करणी मुद्दामा सम्बन्धित जिल्ला अदालतबाट निर्णय हुने नै हुँदा जिल्ला अदालतमा विचाराधीन मुद्दामा प्रमाण बुझी ठहरेबमोजिम इन्साफ हुने विषयमा रिट निवेदनको रोहबाट बोल्न मिल्ने नहुँदा निवेदक १६ वर्षभन्दा कम उमेरको बालक हो भन्ने कुरा निर्विवाद पुष्टि हुन नसकेकोले निजउपर चलेको जबर्जस्ती करणी मुद्दामा बालबालिकासम्बन्धी ऐन, २०४८ बाल न्याय कार्यविधि नियमावली, २०६३ समेत आकर्षित हुने अवस्था तत्काल नदेखिनुकासाथै निजको उमेर सम्बन्धमा निजउपर चलेको जबर्जस्ती करणी मुद्दामा सम्बन्धित जिल्ला अदालतले ठहर निर्णय गर्ने नै हुँदा प्रस्तुत रिटको रोहबाट बोल्न र हस्तक्षेप गर्न नमिल्ने भएकोले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी रहनुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल कात्तिक ५ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०५१२, अंश दिलाइपाऊँ, *विष्णु राई वि. लक्ष्मी राई*

पुनरावेदन अदालतले वादी प्रतिवादीबाट जन्मिएका भनी दावी गरिएका छोराछोरीहरू अंशियार हुन् होइनन् र निजहरूले अंश पाउने हो होइन भन्ने विषयमा केही बोलेको नदेखिँदा पुनरावेदन अदालतको उक्त फैसलामा अ.बं. १९२ नं. बमोजिमको त्रुटि विद्यमान रहेको देखिँदा मुलुकी ऐन, अ.बं. १९२ नं. को त्रुटि गरी वादी दावीको सबै विषयमा ठहर नगरी आंशिक निर्णय गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।७।१६ को फैसला त्रुटिपूर्ण देखिँदा उक्त फैसला बदर गरी दिएको छ । अब न्याय प्रशासन ऐन, २०४८ को दफा १४(घ) बमोजिम जे जो बुझ्नुपर्ने प्रमाण बुझी ती सबै विषयमा निर्णय गर्नु भनी तारिखमा रहेका पक्षहरूलाई पुनरावेदन अदालत, विराटनगरमा हाजिर हुन जानु भनी तारिख तोकी मिसिल उक्त अदालतमा पठाइदिनू ।

इजलास अधिकृत: ममता खनाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल असार ३२ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६७-CR-०४९०, भ्रष्टाचार, *नेपाल सरकार वि. नारायणबहादुर घर्तीमगर*

साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क मा उल्लिखित प्रावधान अध्ययन गर्दा सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको भ्रष्टाचार मुद्दा दायर गर्न हदम्याद नलाग्ने तर सो बाहेकका अन्य मुद्दामा विभागीय कारवाही भएकोमा सो कारवाही समाप्त भएको मितिले ६ महिना र कारवाही नभएकोमा अनुसन्धानको कारवाही सुरू भएको मितिले २ वर्ष हदम्याद निर्धारण गरिएको पाइन्छ। प्रस्तुत मुद्दा २०६५।११।११ मा विशेष अदालतमा दर्ता भएको मितिमा साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ प्रतिस्थापन भई हालको भ्रष्टाचार निवारण ऐन, २०५९ मा लागू भएको पाइन्छ। प्रस्तुत भ्रष्टाचार निवारण ऐन, २०५९ मा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ मा जस्तो हदम्याद उल्लेख भएको पाइँदैन। प्रस्तुत मुद्दामा कसुर हुँदाको समयमा भ्रष्टाचार निवारण ऐन, २०१७ मौजुद रहेको र प्रतिवादीउपर कसुर सम्बन्धमा माग दावी लिँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार सजायको माग दावी लिएको देखिएकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क मा उल्लिखित हदम्याद समाप्त नहुँदै हालको भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भएको अवस्था हुँदा हदम्यादको आधारमा विशेष अदालतबाट मुद्दा नै खारेज गर्ने गरी भएको सो फैसला मिलेको नदेखिई त्रुटिपूर्ण देखिन आउने।

ऐनको दफा २९ अनुसार अवकाशप्राप्त व्यक्तिउपर मुद्दा चलाउनुपर्ने अवस्थामा बाहेक

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पाँच वर्षभित्र कारवाही नचलाएमा सो अवधिपश्चात त्यसै विषयमा कारवाही चलाउनलाई उक्त कानूनी व्यवस्थाले बन्देज लगाएको पाइन्छ । तर सो दफामा उल्लिखित कानूनी व्यवस्था अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अदालतमा मुद्दा चलाउने हदम्यादको व्यवस्था नभई आयोगले कारवाही चलाउनको लागि तोकिदिएको समय सीमासम्म हो । यसरी आयोगले कारवाही चलाउनको लागि तोकिदिएको समय सीमालाई अदालतमा मुद्दा दर्ता गर्ने हदम्यादसँग जोडी मुद्दा नै खारेज गर्ने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिन आयो । अर्कोतर्फ प्रस्तुत मुद्दामा मिति २०६५।४।३ को निर्णय एवम् २०६५।४।१२ को पत्रानुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोगले शाखा अधिकृत मातृकाप्रसाद ओझालाई अनुसन्धान अधिकृत तोकी अनुसन्धान कार्य पूरा गरी मिति २०६५।११।११ मा आरोपपत्र दायर गरेको स्थितिमा प्रस्तुत मुद्दामा अनुसन्धान प्रारम्भ भएको मितिले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) को म्याद पाँच वर्षभित्र नै मुद्दा दायर भएको अवस्था हुँदा विशेष अदालतको उक्त फैसला त्रुटिपूर्ण देखिँदा संवत् २०६६-CR-०८१४ को पुनरावेदक/वादी नेपाल सरकार प्रतिवादी लोकबहादुर हितान भएको झुट्ठा शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा मिति २०६८।६।१ मा यस अदालत, संयुक्त इजलासबाट भएको फैसलामा विवेचित आधारसमेतबाट विशेष अदालत, काठमाडौंबाट मिति २०६७।५।३ मा हदम्यादको आधारमा मुद्दा खारेज गर्ने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा सो फैसला बदर हुने ठहर्छ । अब पुन: कानूनबमोजिम जो जे बुझ्नुपर्ने हो बुझी ठहर निर्णय गर्नु भनी मिसिल विशेष अदालत, काठमाडौंमा पठाइदिने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख २ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६७-CI-०१२२, छुट जग्गा दर्ता, *मालपोत कार्यालय, कास्की वि. ज्ञानबहादुर प्रधानसमेत*

साविकको राजीनामाबाट हक हुन गएको भनी निवेदकहरूले दावी गरेका कि.नं. १९७५, १९७७ र १९८१ का विवादित जग्गाहरूमध्ये कि.नं. १९८० को जग्गा तत्कालीन श्री ५ को सरकार र हाल नेपाल सरकारको नाममा दर्ता कायम भएको भन्ने देखिएको र कि.नं. १९७५, १९७७, १९७८, १९८० र १९८१ का जग्गाहरू नापीका समयमा सरकारी सार्वजनिक भीर पर्ती भनी जनिएको र कि.नं. १९७८ को जग्गा पनि पूर्णबहादुर सार्कीको नाउँमा दर्ता भई हाल टङ्कमाया गुरूङको नाउँमा दर्ता स्रेस्ता कायम रहेकोमा सो जग्गामा निजको नाउँको दर्ता बदर गरी

ल्याएका बखतमात्र निवेदकहरूको हक हुने अवस्था रहेको देखिँदा कि.नं. १९७८ बाहेकका अन्य कि.नं. १९७५, १९७७ र १९८१ मा प्रत्यर्थी निवेदकहरूको हकभित्रका जग्गा हुन् होइनन् भन्ने सम्बन्धमा प्रमाणहरूको मूल्याङ्कन गरी निर्णयमा पुग्न पर्ने देखिएको र कि.नं.१९८० को जग्गाका तत्कालीन श्री ५ को सरकार र हाल नेपाल सरकारको नाउँमा दर्ता भएको देखिएको भए पनि सो जग्गामा प्रत्यर्थी निवेदकहरूको दावी देखिएकाले प्रत्यर्थी निवेदकहरू र नेपाल सरकारको बीचमा तेरो मेरोको प्रश्न उपस्थित भइसकेपछि सोको समाधान पहिला हुनुपर्ने हुन्छ । पुनरावेदन अदालतले हक कायम गराई ल्याउन सुनाएकै मात्र आधारमा अहिले नै विवादको अन्तिम टुङ्गो लागी नसकेको, विवादका जग्गाहरूमा पुनरावेदकको हक पुग्ने भए प्रमाण पुर्‍याई हक कायम गराउन सक्ने अवस्था समाप्त नभई बाँकी नै रहेको र तेरो मेरोमा सुनाउन गरेको पुनरावेदन अदालतको उल्लिखित निर्णयले पुनरावेदकको हकमा अन्यथा असर परिहालेको भन्ने पनि नदेखिएकाले पुनरावेदन अदालत, कास्कीको निर्णय अन्यथा भई परिवर्तन गर्नु नपर्ने हुँदा तेरो मेरोमा सुनाउन पर्नेमा सो गरेको नदेखिँदा मालपोत कार्यालय, कास्कीको मिति २०६५।१०।१३ को निर्णय पर्चा बदर गरी बुझ्नुपर्ने कुरा केही भए बुझी तेरो मेरोमा सुनाई दिने निर्णय गर्नु भनी उपस्थित रहेका पक्षहरूलाई तारिख तोकी प्रस्तुत मिसिल मालपोत कार्यलय, कास्कीमा पठाइदिने ठहर्‍याई भएको पुनरावेदन अदालत, पोखराको मिति २०६६।१२।३ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०९२४, ०९४९, उत्प्रेषण परमादेश, *महानगरीय प्रहरी परिसर, काठमाडौं वि. दीपेन्द्र चापागाई, प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, नक्साल काठमाडौं वि. दीपेन्द्र चापागाई*

बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ८०(१) मा "कुनै पनि किसिमको कसुरको अनुसन्धान वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय आतङ्कवादी गतिविधि वा सङ्गठित अपराधको नियन्त्रण गरी राष्ट्रिय हित कायम राख्ने सिलसिलामा कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाममा इजाजतपत्र प्राप्त संस्थामा रहेको खाताबाट कुनै पनि किसिमले भुक्तानी दिन वा रकमान्तर गर्न नपाउने गरी खाता रोक्का राख्न राष्ट्र बैङ्कले सम्बन्धित इजाजतपत्र प्राप्त संस्थालाई कुनै पनि बखत निर्देशन दिनसक्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ । यो व्यवस्थाअनुसार कुनै व्यक्तिको

बैङ्क खाता कसुरको अनुसन्धानको बखतमा मात्र रोक्का राख्न सकिने हुन्छ। तर अनुसन्धान समाप्त भइसकेको अवस्थामा त्यसरी बैङ्क खाता रोक्का रोकी राख्ने सम्बन्धमा बोल्नपर्ने हुन्छ । अनुसन्धानबाट आवश्यक सूचना सङ्कलन गरिसकेपछि पनि त्यस्तो बैङ्क खाता कुनै आधार कारण बेगर रोक्का राखिराख्न उचित नहुने।

प्रत्यर्थी रिट निवेदकको नामको बैङ्क खाता मुद्दाको कारवाहीको सम्बन्धमा कानूनबमोजिम रोक्का राखिएको भनेर मान्न सकिने अवस्था देखिँदैन । विवादित खातामा ठगी मुद्दाका अभियुक्तबाट रकम जम्मा भएको भन्ने पनि नदेखिएको र अनुसन्धानपश्चात पनि उक्त खाता रोक्का राखी राख्न पर्ने कुनै कानूनी आधार पनि नदेखिएको अवस्थामा अनन्तकालसम्म मुद्दामा बेसरोकार कसैको पनि बैङ्क खाता रोक्का राखिराख्न मिल्छ भनी भन्न न्याय र विवेकसम्मत नहुने।

मुद्दाको अनुसन्धानपश्चात पनि रिट निवेदकको खाता कहिलेसम्म रोक्का राख्नुपर्ने हो भन्ने सम्बन्धमा अभियोजन पक्षबाट केही नबोलिएको, मुद्दा दायर भएको अदालतले पनि उक्त खाता रोक्का राखिराख्ने सम्बन्धमा समेत कुनै आदेश नभएको र अनुसन्धानपश्चात पनि सम्पत्ति रोक्का राखिराख्न मिल्ने गरी कानूनले अधिकार दिएको भए सो कुराको सम्बन्धमा स्पष्ट नै नगरी परिवारका अन्य सदस्यको नामको सम्पत्ति रोक्न नमिल्ने अवस्थामा अनुसन्धानको सन्दर्भमा रोक्का राखेको निवेदकको सम्पत्ति फुकुवा नगरी रोक्का नै राखी राखेको भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ठहर्याएको पुनरावेदन अदालत, पाटनको आदेशलाई अन्यथा भन्न नमिल्ने।

इजलास अधिकृत: बाबराम सुवेदी

कम्प्युटर: बेदना अधिकारी

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-१०३७, परमादेश, *मैयाँकुमारी तामाङ वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

पुनरावेदक रिट निवेदकहरूले आफूले प्राप्त गरेको पद सुहाउँदो पदनाम नै माग नगरेका र स्वास्थ्य सेवा विभागको निर्णयबमोजिम पुनरावेदकहरूलाई निजहरू स्तरवृद्धि भएको पदसँग सुहाउँदो पदनाम प.हे.न. छैठौं तहमा स्तरवृद्धि गरिएको हो भन्ने स्वास्थ्य सेवा विभागको र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (७घ) अनुसार माथिल्लो तहमा स्तरवृद्धि गरिएका कर्मचारीहरूले तल्लो पदको नै काम गर्नुपर्ने हुँदा माथिल्लो पदनाम दिन र माथिल्लो तहको कामकाज गराउनसमेत मिल्दैन भनी स्वास्थ्य मन्त्रालयको लिखित जवाफबाट देखिएको छ । सो सम्बन्धमा कानूनी व्यवस्था हेर्दा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (७घ) मा यस

दफाबमोजिम माथिल्लो तहमा स्तरवृद्धि भएका कर्मचारीले जुन तहबाट स्तरवृद्धि भएको छ सोही तहको काम गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ । यो कानूनी व्यवस्थाअनुसार तल्लो तहबाट माथिल्लो तहमा स्तरवृद्धि हुनु भनेको माथिल्लो तहको पदनाम प्राप्त गर्नु र माथिल्लै तहको कामकाज गर्न पाउने भन्ने नदेखिई त्यसरी स्तरवृद्धि हुने कर्मचारीले तल्लो पदकै कामकाज गर्नुपर्ने भन्ने स्पष्ट कानूनी व्यवस्था रहेबाट अ.न.मि. मा स्थायी नियुक्ति पाएका यी पुनरावेदकहरूलाई स्तरवृद्धि भएको पदसँग सुहाउने सि.अ.न.मी. को पदनाम दिई साविकबमोजिम नै कामकाज गर्ने गरी निर्णय भएको देखिएबाट विपक्षीहरूले कानूनविपरीतको कार्य गरेको भन्न नमिल्ने भएबाट पुनरावेदन अदालत, पाटनको फैसला अन्यथा देखिन नआउने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: बेदना अधिकारी

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०६६३, निर्णय बदर रै.प.दर्ता, *कान्छी श्रेष्ठसमेत वि. जगतकृष्ण श्रेष्ठ*

वादीले दाजु जगतकृष्ण श्रेष्ठ अंश लिई अलग भएकाले विवादका जग्गामा हक लाग्दैन भनी दावी लिएको भए पनि मिति २०५९।६।९ मा पारित भएको बन्डापत्रमा विवादित जग्गाकै सम्बन्धमा केही उल्लेख भएको देखिँदैन । यस्तो अवस्थामा उक्त जग्गाहरूलाई अबन्डा सरहका जग्गाको रूपमा मान्नुपर्ने हुन्छ । यी वादी प्रतिवादीका बाबुले नै मोहीको हैसियतले रैकरमा परिणत गरी पाउन माग गरी रैकर परिणत भएको अवस्था उक्त जग्गाहरू सगोलको सम्पत्तिसरह मानिने अवस्था रहने हुनाले वादी प्रतिवादीका बीचमा हक बेहकमा विवाद भएको कारणले विवादका जग्गाहरूको सम्बन्धमा अदालतबाट हक बेहक छुट्ट्याई ल्याउन सुनाएको पुनरावेदन अदालत, पाटनको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

हक बेहकको प्रश्न उठेकोमा सो छुट्ट्याई ल्याउन सुनाउने गरी पुनरावेदन अदालत, पाटनबाट भएको हक बेहकमा निर्णय गरी ल्याउन सुनाई मिसिलसमेत सुरू मालपोत कार्यालय, भक्तपुरमा पठाइदिने गरी भएको निर्णय प्रस्तुत विवादको सम्बन्धमा अन्तिम होइन । पुनरावेदकले विवादित जग्गामा आफ्नोमात्र हक लाग्ने हो भन्ने प्रमाण पुर्‍याई इन्साफ माग्नसक्ने अवस्थाको अहिल्यै अन्त्य भएको नभई सो अवस्था बाँकी नै रहेको र निजको हकमा पुनरावेदन अदालत, पाटनको निर्णयबाट अन्यथा असर परिहालेको भन्ने पनि नदेखिएकाले उक्त निर्णयमा परिवर्तन गर्नु नपर्ने हुँदा प्रस्तुत विवादमा प्रमाण बुझी हक बेहकमा निर्णय गर्ने अधिकारक्षेत्र कुनै कानूनले प्रदान नगरेको अवस्थामा मालपोत कार्यालय, भक्तपुरले

पञ्चकृष्ण श्रेष्ठको नाउँमा रैकर परिणत दर्ता नामसारी गर्ने र जग्गाको धनी प्रमाण पुर्जा उपलब्ध गराउने गरी गरेको निर्णय मिलेको नदेखिँदा बदर गरी दुबै पक्षलाई अदालतबाट हक कायम गराई ल्याउन सुनाइदिने ठहऱ्याई भएको मिति २०६९।३।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०७१४, निषेधाज्ञा, *देवशरण महतोसमेत वि. लक्ष्मी महतो नुनियाँ*

रिट निवेदकको दर्ता भोग देखिएको जग्गामा रहेको पोखरीमा विपक्षीहरू अनधिकृतरूपमा प्रवेश गरी पोखरीका माछा मारी लैजाने आशङ्का रहेको भन्ने रिट निवेदकको निवेदन जिकिर रहेको र पुनरावेदक विपक्षीहरूले निवेदन दावीको जग्गामा आफूहरूको समेत हक रहेको भनी विवाद सिर्जना गरेको कुरा निजहरूको लिखित जवाफबाट देखिएकाले प्रत्यर्थी रिट निवेदकले देखाएको आशङ्काको स्थितिलाई पुष्टि गरेको देखिँदा निवेदन मागबमोजिम कि.नं. ४ को जग्गामा भएको पोखरीमा अनधिकृत प्रवेश नगर्नु, गर्न नलगाउनु र निवेदक र निजको परिवारको जीउधनमा कुनै आघात नपुऱ्याउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।५।१३।४ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: बेदना अधिकारी

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६६-CI-११५३, जग्गा खिचोला गोठ घर दिवाल हटाई चलन, *रामानन्द राय यादवसमेत वि. कृष्णप्रसाद यादव*

फिराद दावीअनुसार कि.नं. ८४ र कि.नं. ५०७ का जग्गाहरू वादीको भएकोमा विवाद देखिँदैन । ट्रायल चेकबाट उक्त दुबै जग्गाको क्षेत्रफल स्रेस्ताअनुसार नै भएकोमा कि.नं. ५०७ को जग्गा स्रेस्तामा ०-१२-५ रहेकोमा पुनरावेदन अदालत, हेटौंडाबाट भएको नक्सा मुचुल्काको न.नं. ८ मा उक्त कि.नं. ५०७ को जग्गा ०-११-७ मात्र रहेको भनी स्रेस्ताभन्दा कम देखाइएको पाइन्छ । विवाद रहेको भनी देखाइएका न.नं. १२ र १६ मा क्रमश: ०-०-५$^{१}/_{४}$ र ०-०-१०$^{१}/_{२}$ जग्गा देखाइएको पाइन्छ । कि.नं.५६६, न.नं. ५ कि.नं. ५४२ नं. २४.२५ र न.नं. २९ मा प्रतिवादीहरूका जग्गाहरू स्रेस्ताभन्दा कम रहेको अवस्था देखिँदैन । यसकारण उक्त न.नं. १२ र १६ मा विवाद भनी देखाइएका जग्गाहरू वादीको कि.नं. ५०७ भित्रैका जग्गा रहेछन् भन्नुपर्ने भई

उक्त विवादका जग्गामा प्रतिवादीहरू रामानन्द राय यादव र जयनारायण राय यादवले खिचोला गरेको नै देखिने।

त्यस्तै वादीको कि.नं. ८४ मा स्रेस्तामा ०-२-० जग्गा रहेको देखिएकोमा पुनरावेदन अदालत, हेटौंडाबाट भएको उल्लिखित नापनक्साको न.नं. ८४ मा उक्त कि.नं.को जग्गा ०-१-१४$^{३}/_{४}$ मात्र रहेको देखाइएको छ भने सो जग्गाको उत्तर साँधको विवादित न.नं. १० मा ज.वि. ०-०-२$^{३}/_{४}$ र दक्षिण साँधको नक्सा नं. १७ मा ज.वि. ०-०-४$^{३}/_{४}$ भएको देखिन्छ। सो जग्गाको उत्तर साँधको प्रतिवादी न.नं. ५६५ नं. ४ को जग्गा ज.वि. ०-३-२$^{३}/_{४}$ भै स्रेस्ताभन्दा ०-०-$^{३}/_{४}$ धुर बढी नै जग्गा देखाइएको छ। सर्भे नापनक्सा र उक्त नक्सा मुचुल्काको आकृति प्रकृतिको आधारमा विवादित नक्सा नं. १० को जग्गा पनि वादीको कि.नं. ८४ भित्रैको देखिएको र विवादित नक्सा नं. १० को ज.वि. ०-०-२$^{३}/_{४}$ जग्गासमेत जोड्दा वादीको कि.नं. ८४ मा ०-१-१७$^{१}/_{२}$ हुन आएको र विवादित न.नं. १७ को जग्गा हेर्दा सोमा ज.वि. ०-०-४$^{३}/_{४}$ जग्गा देखिन्छ। सोमध्ये ज.वि. ०-०-१$^{३}/_{४}$ जग्गा वादीको कि.नं. ८४ मा मिसाउँदा ज.वि. ०-१-१९$^{१}/_{४}$ भै सर्वे नापीको आकृति प्रकृतिसमेतसँग मिल्न भिड्न आएको अवस्था देखिन्छ। सो तथ्यबाट वादीको कि.नं. ८४ को पश्चिम दक्षिणको विवादित न.नं. १७ को ०-०-४$^{३}/_{४}$ मध्ये ज.वि. ०-०-१$^{३}/_{४}$ मात्र वादीको कि.नं. ८४ मध्येबाट खिचोला गरेको देखिन्छ। न.नं. १८ कि.नं. ५०४ को ज.वि. ०-०-१३ र विवादित न.नं. १७ को बाँकी हुने ०-०-४$^{३}/_{४}$ मध्ये ज.वि. ०-०-३ समेत गर्दा ०-०-१६ जग्गा प्रतिवादी जयनारायणको स्रेस्ताको जग्गाभन्दा घटी नदेखिएको आधार प्रमाणहरूबाट न.नं. १० को विवादित जग्गा प्रतिवादी रामसखीले र न.नं. १७ को विवादित जग्गामध्ये ज.वि. ०-०-१$^{३}/_{४}$ प्रतिवादी जयनारायण यादवले खिचोला गरेको ठहर्‍याएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न निमल्ने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-११३२, जबर्जस्ती करणी, *नेपाल सरकार वि. बिल्टु पण्डित कुम्हाल*

फरार रहेका प्रतिवादी हाजिर नहुने वा पक्राउ पर्न नसक्ने र सजाय ठेकिएका प्रतिवादीको ठेकिएको कैद भुक्तान भै निज पनि छुटी जाने अवस्था भएमा र निजलाई पछि थप सजायसमेत हुने ठहर गर्नुपर्ने भएमा सो थप सजाय कार्यान्वयन गर्नका

लागि समस्या उत्पन्न हुनजानेसमेत देखिँदा प्रतिवादी बिल्टु पण्डित कुम्हाललाई जबर्जस्ती करणीको महलको ३(क) नं. बमोजिम थप सजाय हुने हो होइन सो सम्बन्धमा समेत निर्णय गर्नुपर्नेमा सो नगरेको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१।१३ को फैसला कानूनी त्रुटिपूर्ण देखिँदा बदर गरी दिएको छ । अब मिसिल सामेल रहेका सबुद प्रमाणहरूको मूल्याङ्कन गरी अभियोग दावीबमोजिम प्रतिवादी बिल्टु पण्डित कुम्हाललाई जबर्जस्ती करणीको महलको ३(क) नं. बमोजिम थप सजाय हुने हो होइन ठहर निर्णय गर्नु र फरार रहेका प्रतिवादी धर्मेन्द्र राउत कुर्मीको हकमा अ.बं. १९० नं. बमोजिम मुद्दा मुलतबी रहेको देखिँदा निजका हकमा समेत मुलतबीबाट जगाई कानूनबमोजिम फैसला गर्नु भनी मिसिल बारा जिल्ला अदालतमा पठाई दिने ।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल मङ्सिर ९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-००७०, सरकारी छाप दस्तखत कीर्ते, *नेपाल सरकार वि.यदुकुमार आचार्य*

आफूलाई मात्र फाइदा हुने र आफैंसँग रहने कुरा अरू कसैले कीर्ते गरिदिएको भन्न मिल्ने अवस्था नदेखिँदा आरोपित कसुर निज प्रतिवादीले नगरेको एवम् नगराएको भन्ने अवस्था भएन । त्यसकारण प्रतिवादी यदुकुमार आचार्यले मुलुकी ऐन, कीर्ते कागजको महलको १ नं. विपरीतको कसुर गरेको देखिने ।

यी प्रतिवादीले पेस गरेको Certificate बाट बिगो खुल्ने अवस्था नदेखिएको र सो Certificate नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्था त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट जारी हुने Certificate भएकाले प्रतिवादीलाई उल्लिखित कानूनी व्यवस्थाबमोजिम कीर्ते कागजको महलको ९ नं. बमोजिम रू. ५०।– जरिवाना भई सरकारी कर्मचारीको दस्तखत कीर्ते गरेकोमा ऐजन महलको १२ नं. बमोजिम थप १ वर्ष कैद हुने हुँदा प्रतिवादीलाई कीर्ते कागजको महलको ९ नं. बमोजिम रू. ५०।– जरिवाना गरी ऐ. को १२ नं. अनुसार थप १ वर्ष कैद सजायसमेत गर्नुपर्नेमा सो नगरेको हदसम्मको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने ।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल मङ्सिर ९ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-RC-००५४,

कर्तव्य ज्यान, *नेपाल सरकार वि. बमबहादुर वादी*

मिसिल संलग्न प्रतिवादीउपर किटानी जाहेरी, घटनास्थल लास जाँच मुचुल्का, अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरेको साबिती बयान, वस्तुस्थिति तथा घटनाविवरण कागज गर्ने केशव सिँह, दीपबहादुर सिँह, राजु बादी, तप्तबहादुर सिँहसमेतको बकपत्रबाट प्रतिवादी बमबहादुर बादीले मृतक संगीता बादीलाई कर्तव्य गरी मारेको पुष्टि भएकोले निज प्रतिवादी बमबहादुर बादीले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसुर अपराधमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको जाजरकोट जिल्ला अदालतको फैसला साधक सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति२०६९।९।९ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: लोकनाथ पराजुली

इति संवत् २०७१ साल भदौ २७ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-RC-००५०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हिरासिँह थापामगर*

प्रमाण ऐन, २०३१ को दफा २७(१) ले सजायमा कमी वा छुट हुने जिकिर प्रतिवादीले लिएकोमा सो कुराको प्रमाण पुर्‍याउने भार स्वयम् प्रतिवादीमाथि हुनेछ भनी उल्लेख भएको सन्दर्भमा प्रतिवादीले वारदात हुँदाका अवस्थामा मानसिक अवस्था ठीक नभएको भनी सजायको भागीदार हुनबाट बचाउ गर्न राखेको जिकिरलाई पुष्टि वस्तुगत ठोस प्रमाण पेस गरेको मिसिलबाट देखिएन। वारदातको समयमा घटित घटनाक्रमबाट पनि प्रतिवादीको मानसिक अवस्था सामान्य नै रहेको देखिने।

मानसिक अवस्था ठीक र सन्तुलित अवस्थामा रहेका यी प्रतिवादीले आफ्नो घरमा बसिरहेका अति वृद्ध वर्ष ८० का पिता गङ्गाबहादुर थापालाई आफ्नै घरमा रहेको फलामको फरूवा जस्तो साङ्घातिक वस्तुले टाउको जस्तो संवेदनसील ठाउँमा हानी निर्ममतापूर्वक हत्या गरेको मिसिलबाट देखिन्छ। वृद्ध अवस्थामा रहेका आफ्नो पिताको रेखदेख, संरक्षण, उपचारसमेत गर्नुपर्ने कर्तव्य र दायित्वसमेत भएका यी प्रतिवादीले आफ्नो कर्तव्यबाट विचलित भई मार्ने मनसाय राखी फलामको फरूवा टाउकोमा प्रहार गरी सोही चोटबाट आफ्ना पिताको मृत्यु भएको अवस्थामा पुनरावेदन अदालत, सुर्खेतले कम कैद सजाय गर्ने गरी व्यक्त गरेको राय न्याय तथा तर्कसम्मत् नदेखिएकाले उक्त रायसँग सहमत हुन नसकिने।

प्रतिवादी हिरासिँह थापामगरले आफ्नो वृद्ध बाबु गङ्गाबहादुर थापामगरलाई फलामको फरूवा टाउकोमा प्रहार गरी

कर्तव्य गरी मारी मुलुकी ऐन, १ र १३(३) नं. विपरीत कार्य गरेको हुँदा प्रतिवादी हिरासिँह थापामगरलाई सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू दैलेख जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६९।११।०१ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल भदौ २७ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-१००५, उत्प्रेषण/परमादेश, *एपोलोकुमार भगसमेत वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(७छ) बमोजिम माथिल्लो तहमा स्तरवृद्धि भएको अवस्थामा स्तरवृद्धिमात्र हुने तर कामकाज सोही तहमा पूर्ववत् गर्नुपर्ने कानूनी व्यवस्थाअनुकूल नै स्वास्थ्य सेवा विभागले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको च.नं. १९६३ मिति २०६७।६।१८ को पत्रबाट निर्देश भएबमोजिम जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीले मिति २०६९।१२।६ गतेमा निवेदकहरूको पदस्थापन बदर गरी पूर्वको पद तथा कार्यालयमा साविकबमोजिम कामकाज गर्नु भनी पत्राचार गरेको कुरा कानूनसम्मत नै देखिन्छ । साथै यी निवेदकहरूले सि.अ.हे.ब. पदमा पाँचौं स्तरबाट स्तरवृद्धि भै स्तर कायम रहेको हुँदा प्रस्तुत रिट निवेदनको कुनै औचित्य नदेखिएकाले निवेदकको मागबमोजिम आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल साउन १६ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-००१३, हाडनातामा जबर्जस्ती करणी, *नेपाल सरकार वि.गजेन्द्र तुम्बापो*

१५ वर्षीया बालिकाले आफ्नो सामाजिक मान प्रतिष्ठामा आँचै आउने गरी यी प्रतिवादीलाई जबर्जस्ती करणीको आरोप लगाउनुपछाडि कुनै भरपर्दो कारण रहेको तथ्यसमेत प्रतिवादीले खुलाउन सकेको नदेखिने ।

पीडितले अदालतसमक्ष गरेको बकपत्रमा काका नाताका मानिस हुन् भनी लेखाएको अवस्थामा यी पीडित र प्रतिवादीको पुस्तावारी खुल्ने गरी अन्य कसैको बकपत्रसमेतबाट नखुलेको अवस्थामा अदालतले अनुमानको भरमा सात पुस्ताभित्रका नाताका हुन् भनी सजाय थप गर्न मिल्ने देखिँदैन । स्पष्टरूपमा मिसिल संलग्न कागज प्रमाणबाट पीडित 'ए' कुमारी

र प्रतिवादी राजेन्द्र तुम्बापो यति पुस्ताका हुन् भनी कतैबाट खुल्न नआएको देखिँदा हाडनाता करणी गर्नेको महलको ३ नं. बमोजिम सजाय थप गर्न मिल्ने देखिन नआउने ।

प्रतिवादी गजेन्द्र लिम्बुले मुलुकी ऐन, जबर्जस्ती करणीको महलको दफा १ को कसुर गरेको देखिँदा ऐजन महलको दफा ३ को देहाय ३ बमोजिम ६ वर्ष कैद सजाय र क्षतिपूर्तिको हकमा सोही महलको दफा १० बमोजिम रू. ५०,०००।– क्षतिपूर्ति प्रतिवादीबाट पीडितलाई भराइदिने ठहर्‍याई एवम् हाडनाता करणीतर्फ वादी दावी नपुग्ने ठहर्‍याई पुनरावेदन अदालत, इलामबाट मिति २०६६।१०।२४ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल भदौ १५ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०७९६, उत्प्रेषण/परमादेश, *दलबहादुर थापा वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

निवेदक राष्ट्रिय क्षयरोग केन्द्रमा कार्यरत सहायक पाँचौं तहको अहेब रहेको हुँदा निज सहायक स्तरको कर्मचारी भएकाले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २० र ११ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी सरूवा गरिएको हुँदा कानूनले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय क्षयरोग केन्द्र ठिमी भक्तपुरबाट ठिमी, स्वास्थ्य चौकी भक्तपुरमा सरूवा गर्ने गरी मिति २०६६।८।२९ मा भएको निर्णय कानूनसम्मत नै देखिन आउँदा निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल साउन १६ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CR-०५९४ र ०६९-RC-००७०, कर्तव्य ज्यान डाँका, *इन्द्र थापाको जाहेरीले नेपाल* सरकार *वि. परिमल शाह*

प्रतिवादी परिमल शाही र मृतकबीच व्यापार व्यवसायको सिलसिलामा सम्बन्ध भै लेनदेन हुने गरेकोसमेत जाहेरीबाट देखिन्छ । मृतकलाई तिर्नु बुझाउनुपर्ने रकम बुझाउन नपरोस् भनी कर्तव्य गरेको हो भनी जाहेरीमा उल्लिखित कुरालाई जाहेरवाला इन्द्रा थापाले अदालतमा समेत समर्थन हुनेगरी बकपत्र गरेको देखिन्छ । प्रतिवादीले आफू वारदातस्थलमा उपस्थित रहेको, वारदातपछि मृतक लासलाई खडिखोलामा लगी गाडेको

कुरा अनुसन्धान अधिकारी तथा अदालतमा समेत साबित भएको अवस्था छ । घटनास्थल प्रकृति मुचुल्का तथा लास जाँच प्रकृति मुचुल्कासमेतबाट मृतकको मृत्यु कर्तव्यबाट भएको पुष्टि भैरहेकोसमेत अवस्थाबाट मृतकको मृत्यु यी प्रतिवादीसमेतको संलग्नतामा भएको कुरा स्थापित भएको स्पष्ट हुँदा कर्तव्य ज्यानतर्फ ज्यानसम्बन्धीको महलको १, ४ र १३(३) नं. बमोजिमको कसुरमा ऐ. १३(३) नं. अनुसार जन्मकैद हुने ठहऱ्याएको सुरू कालिकोट जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, जुम्लाको मिति २०६६।८।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

मृतक र यी परिमल शाहीसमेतका प्रतिवादीहरू आपसमा परिचित र सँगै व्यापार व्यवसाय, खानपीन, उठबस एवम् लेनदेन गर्दै आएको देखिन्छ । डकैती भएको भनिएको रकम बरामद भएको पनि देखिँदैन । वारदातको स्थिति हेर्दा पनि प्रस्तुत वारदात कर्तव्य ज्यानको स्थिति मात्र भएको देखिन आउँदछ । साथै मृतकको साथमा रू. १,७०,०००।– भएको पुष्टि पनि नभएको र वारदातको स्थिति हेर्दा मृतकको साथमा रहेको रकम लिन खानका लागि वारदात भएको भन्ने तथ्य नरही बरामद भएको पुष्टि पनि हुन नसकेको अवस्थामा अभियोग दावीबमोजिम डाँकाको वारदात ठहर हुने स्थिति नदेखिँदा सुरू कालिकोट जिल्ला अदालतले यी प्रतिवादी परिमल शाहलाई अभियोग मागबमोजिम ज्यानसम्बन्धीको महलको १, ४ र १३.४ र १३(३) नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम जन्मकैद हुने गरी गरेको फैसला सदर गरेको र चोरीको ६ नं. को कसुरमा ऐ. १४(४) बमोजिम सजाय गरी चोरीको बिगो बराबरको रकम दामासाहीले प्रतिवादीहरूबाट जाहेरवालालाई भराउने ठहराएको हदसम्मको इन्साफ नमिलेको, केही उल्टी हुने भनी पुनरावेदन अदालत, जुम्लाले मिति २०६६।८।२१ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विदुर काफ्ले ।

इति संवत् २०७१ साल असोज २६ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-००४७, जबर्जस्ती करणी, *हरि भन्ने हरिलाल मण्डल वि. शर्मिलादेवी मण्डलको जाहेरीले नेपाल सरकार*

जबर्जस्ती करणी अपराधमा पीडित महिलाको भनाइलाई प्रमाणमा लिनुपर्छ । पीडित जाहेरवालीले दिएको निवेदन र दरखास्तलाई पुष्टि हुने गरी अदालतमा उपस्थित भई गरेको बकपत्र तथा अनुसन्धानको क्रममा कागज गर्ने व्यक्तिहरू अदालतसमक्ष उपस्थित भई मौकामा भएको कागज व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरिदिएको हुँदा प्रमाण ऐन, २०३१ को दफा १८ ले त्यस्तो जाहेरी व्यहोरा र कागजलाई

प्रमाणमा लिनुपर्ने हुन्छ । जाहेरवालाको जाहेरी व्यहोरालाई समर्थन हुने गरी वादी पक्षका साक्षीहरू अदालतमा उपस्थित भई बकपत्र गरेको पाइनुका साथै रङ्गेली अस्पतालका डाक्टरको बकपत्रसमेतबाट यी पुनरावेदक प्रतिवादीले आरोपित कसुर गरेको नै देखिन आउने हुँदा प्रतिवादी हरिलाल मण्डलले जाहेरवाली शर्मिलादेवी मण्डललाई जबर्जस्ती करणी गरेको पुष्टि भएको अवस्थामा अभियोग मागदावीबमोजिम कसुर ठहर गरी सजाय गर्नुपर्नेमा सफाइ पाउने ठहर्‍याएको सुरू मोरङ जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी हरिलाल मण्डललाई अभियोग माग दावीबमोजिम मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(३) नं. बमोजिम पाँच वर्ष कैद र सोही महलको १० नं. बमोजिम प्रतिवादीको अंश भागबाट आधा सम्पत्ति पीडित जाहेरवालीले भराई पाउने ठहराई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६६/७/२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली ।

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल कात्तिक २ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७१-WH-०००६, बन्दीप्रत्यक्षीकरण, *होम भन्ने हेमबहादुर श्रेष्ठको हकमा सरीता श्रेष्ठ खत्री वि. महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाडौंसमेत*

केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ४ ले सो ऐनअन्तर्गतको मुद्दा वारदातमा भएको ७ दिनभित्र दायर गरिसक्नुपर्ने र वारदात ७ दिनभित्र मुद्दा दायर गर्न नसकिने मनासिब माफिकको कारण देखेमा मुद्दा हेर्ने अधिकारीले वारदात भएको पैतीस दिनभित्र मुद्दा दायर गर्ने गरी म्याद थप गरिदिन सक्नेछ भन्ने कानूनी व्यवस्था भएकोमा यी निवेदकउपर ७ दिनभित्र मुद्दा दर्ता गर्न नसकिने भए कारणसहित म्याद थप गर्नुपर्नेमा असम्बद्ध ऐन (सरकारी मुद्दासम्बन्धी ऐन, २०४९) अनुसार थप गरी थुनामा राखिएबाट निवेदकको थुना गैरकानूनी र कानूनविपरीत हुनुको साथै "वैयक्तिक स्वतन्त्रता (Personal Freedom) मानव जीवनको महत्त्वपूर्ण हक हो, यस्तो हक मानिस भएका नाताले मानिसलाई स्वत: प्राप्त हुन्छ र कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया नपुर्‍याई कसैले सो हक अपहरण गर्न नमिल्ने" एवम् "सरकारमा रहेका सार्वजनिक पदधारण गरेका जिम्मेवार उच्चपदस्थ पदाधिकारीबाट व्यक्तिको स्वतन्त्रताको संवैधानिक एवम् कानूनी हकलाई सम्मान गरी पालन गर्नुपर्नेमा त्यसो नगरी गैरकानूनीरूपमा थुनामा राखिएको कार्यलाई कानूनको दुराशयपूर्ण प्रयोग गरी व्यक्तिको स्वतन्त्रताको हक र संविधान तथा अन्तर्राष्ट्रिय दस्तावेजद्वारा

प्रदत्त मानव अधिकारको उल्लङ्घन गरिएको मान्नुपर्ने" भनी अब्दुल खलिल विरूद्ध मन्त्रिपरिषद्को कार्यालयसमेत भएको मुद्दामा नेकाप २०६८, अङ्क ९, पृष्ठ १५१७, नि.नं. ८६८४ मा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल भै यी निवेदकलाई बद्नियत र प्रवृत्त भावना राखी थुनामा राखिरहने अभीष्ट रहेको देखिँदा अन्य मुद्दाबाट थुनामा राख्नुपर्ने नदेखिए तत्काल हिरासतबाट मुक्त गरिदिनु भनी निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल भदौ ११ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-०००६, ००८८, ००३४६, ००७९ अंश चलन, *पदम न्यौपाने वि. आरती न्यौपाने, दीपक न्यौपानेसमेत वि. पदम न्यौपाने, नन्दराम न्यौपानेसमेत वि. पदम न्यौपाने, दीपा लोहनी न्यौपाने वि. पदम न्यौपाने*

दीपा लोहनी न्यौपानेको प्रतिउत्तरतर्फ विचार गर्दा पुनरावेदन अदालतको फैसलासमेतले बन्डा लाग्ने ठहर्‍याएको कि.नं. ७४१ र कि.नं. ५९ प्रतिवादी अजय न्यौपानेको निजी आर्जन हो कि होइन भनी हेर्दा कि.नं. ७४१ को जग्गा निज अजय न्यौपानेलाई निजका सगोलका बाबु नन्दरामले हालैको बकसपत्र गरिदिएको देखिएको हुँदा सगोलका अंशियारमध्ये एक अंशियारले अर्को अंशियारलाई बकसपत्र गरिदिएको अवस्थामा समेत त्यस्तो सम्पत्ति सगोलकै मान्नुपर्ने अवस्था भएको । त्यस्तै गरी कि.नं. ५९ का हकमा हेर्दा निज अजय न्यौपानेले खरिद गरेको स्वआर्जन भने तापनि त्यसको तथ्ययुक्त प्रमाण पेस गरी प्रमाणित गर्ने सकेको अवस्था देखिँदैन । यस्तो अवस्थामा सगोलमा रहेको अवस्थामा बढे बढाएको सम्पत्ति सगोलकै मानिने र बन्डा लाग्ने प्रकृतिको हुने भएकोले सो जग्गाहरूमा समेत बन्डा लाग्ने गरी भएको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नरहने।

वादी पदम न्यौपाने तथा अर्का प्रतिवादीहरू नन्दराम नरी सो भन्ने नाइसो र च्य थु भन्ने थानेश्वरको पुनरावेदनपत्र सम्बन्धमा विचार गर्दा पुनरावेदन अदालतले प्रतिवादी अजय न्यौपानेको नाउँमा रहेको कि.नं. ७१ को जग्गा बन्डा नलाग्ने गरेकोमा निजहरूको पुनरावेदन परेको पाइयो। पुनरावेदन अदालत, पाटनको फैसलामा उक्त कि.नं. ७१ को जग्गा कि.नं. १३७,१३९ र ३८७ तथा कि.नं. ५७४ कै जग्गा भएको र सो जग्गाहरू निज अजय न्यौपानेले सगोलको परिवारभन्दा बाहिरको व्यक्तिबाट बकसपत्र पाएको हुँदा निजी आर्जनको ठहर्‍याई बन्डा नलाग्ने गरी फैसला भएको देखिन्छ । प्रतिवादी अजय न्यौपानेले उक्त जग्गाहरूमध्ये कि.नं.

१३७,१३९ र ३८७ को जग्गा २०३७ सालमा सावित्रीदेवीबाट बकसपत्रको लिखतमार्फत पाएको देखिन्छ भने कि.नं. ५७४ को जग्गा २०४१ सालमा विद्यादेवीबाट बकसपत्रमार्फत प्राप्त गरेको देखिन्छ । निजले प्रतिउत्तरपत्र फिराउँदाको अवस्थामा तथा तायदाती फाँटवारी पेस गर्दाको अवस्थामा समेत आफूले सावित्रीदेवी आचार्यबाट हालैको बकसपत्रमार्फत खरिद गरेको कि.नं. १३७, १३९ र ३८७ का जग्गा तथा विद्यादेवी आचार्यबाट हालैको बकसपत्रमार्फत प्राप्त गरेको कि.नं. ५७४ समेतका जग्गाहरू नै पछि कि.नं. ७१ कायम भएको भनी उल्लेख गरेको अवस्था छ । निज प्रतिवादीले उक्त जग्गाहरू आफूले रिझवापत निज व्यक्तिहरूबाट प्राप्त गरेको हो समेत भन्न नसकी खरिद गरेको भन्ने कुरा निजले नै प्रतिउत्तर तथा तायदातीसमेतमा स्पष्टरूपमा खुलाएको अवस्था एकातर्फ देखिएको तथा अर्कोतर्फ मिसिल संलग्न निजको नागरिकता प्रमाणपत्रको प्रतिलिपि हेर्दा मिति २०३९।११।३ मा निज अजय न्यौपानेको उमेर १६ वर्ष भन्ने देखिएबाट २०३७ सालमा निजको उमेर १४ वर्ष २०४१ सालमा १७ वर्ष भन्ने देखिन आउँछ । सो उमेरमा नै निजले दाताहरूलाई व्यक्तिगतरूपमा रिझाई निजहरूले रिझवापत दिएका होलान् भनेर अदालतले अनुमान गर्ने अवस्थासमेत नरहेको हुँदा बकसपत्र भन्ने हस्तान्तरणको कागजमा उल्लेख भए तापनि प्रतिवादी अजय न्यौपानेले उक्त जग्गा खरिद गरी लिएको भन्ने देखिएको र यसरी एकासगोलमा रहँदाको अवस्थामा जुनसुकै अंशियारका नाउँमा रहेको सम्पत्तिलाई सगोलको सम्पत्ति नै मानिने भएको हुँदा उक्त कि.नं. ७१ लाई बन्डा नलाग्ने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसलासँग सहमत हुन सकिने अवस्था नरहने ।

प्रतिवादी दिपक न्यौपाने र आरती न्यौपानेको पुनरावेदनपत्रतर्फ विचार गर्दा अजय न्यौपानेको नाउँको कि.नं. ७१ लाई बन्डा नलाग्ने गरी गरेको फैसलातर्फ माथिल्लो प्रकरणमा विवेचना गरिएकै हुँदा कि.नं. १४७, ५८, ७३९ र ७४० का जग्गाहरू बन्डा भएतर्फको निजहरूको पुनरावेदन जिकिर हेर्दा प्रतिवादी दिपक न्यौपाने धेरै पहिले नै अलग बस्ने गरेको र निज दिपक न्यौपानेबाट कि.नं. १४७ र ५८ को जग्गा हालैको बकसपत्रमार्फत आरतीले प्राप्त गरेको तथा कि.नं. ७३९ र ७४० को जग्गा निजी आर्जनसमेतबाट प्रतिवादी आरती न्यौपानेको नाउँमा खरिद गरिलिएको हुँदा बन्डा लाग्नु नपर्ने हो भन्ने जिकिर लिएको पाइयो । बकसपत्र पाउनु वा खरिद गरिलिनुअघि नै बन्डा छुट्टिई अलग भइसकेको भन्ने कुनै प्रमाण पेस हुन सकेको अवस्था नदेखिएको हुँदा पहिले नै छुट्टि भिन्न भैसकेको भन्ने भनाई मान्न सकिने अवस्था छैन । त्यसैगरी निज आरतीले बसकपत्रबाट पाएको भनेको कि.नं. १४७ र कि.नं. ५८ को घर जग्गा प्रतिवादीमध्येकै निजको पति दिपक

न्यौपानेबाट हालैको बकसपत्रद्वारा प्राप्त गरेको देखिन्छ । यसरी सगोलको अंशियारमध्ये एक अंशियारबाट अर्को अंशियारको नाउँमा बकसपत्र हुँदैमा त्यसलाई स्वआर्जन मानी बन्डा नलाग्ने भनी भन्न मिल्ने नदेखिएको तथा कि.नं. ७३९ र ७४० को जग्गा भेषप्रसाद घिमिरेबाट खरिद गरिलिएको अवस्था देखिएको हुँदा र सगोलको जुनसुकै अंशियारको नाउँमा सम्पति भए तापनि सगोलको सम्पत्ति मानी बन्डा लाग्ने प्रमाण ऐन, २०३१ को दफा ६(क) मा कानूनी व्यवस्थासमेत भएको र त्यसैको पृष्ठभूमिमा यस अदालतबाट सगोलको अंशियारमा जसको नाउँमा रहेको सम्पति भए पनि अन्यथा प्रमाणित नभएसम्म सगोलकै मान्न पर्ने प्रमाण ऐन, २०३१ को दफा ६(क) ले प्रष्ट गरेकोमा अन्यथा प्रमाणित गर्नुपर्ने कर्तव्य प्रतिवादीको हुने, (नेकाप २०५४, नि.नं. ६३०३, पृष्ठ१) भनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । प्रस्तुत अवस्थामा प्रतिवादी आरतीले अन्यथा प्रमाण पेस गरी बन्डा नलाग्ने भन्ने प्रष्टरूपमा स्थापित गर्न सकेको अवस्था नदेखिएको हुँदा यी चारै कित्ता जग्गाहरूसमेत बन्डा गर्ने गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेकै देखिने हुँदा सम्पूर्ण सम्पत्तिमध्ये वादीले ७ भागको १ भाग पाउने ठहरी गरेको फैसलामा केही उल्टी गरी प्रतिवादी अजय न्यौपानेको नाउँमा रहेको कि.नं. ७१ को जग्गा बन्डा नलाग्ने गरी गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।१९ को फैसलामा कि.नं. ७१ को जग्गा बन्डा नलाग्ने गरी गरेकोसम्मको फैसला सो हदसम्म केही उल्टी गरिदिएको छ। तायदातीमा उल्लिखित सम्पूर्ण सम्पत्तिबाट वादीले ७ भागको १ भाग अंश पाउने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल साउन २८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-११६३, परमादेश, *सञ्चालक समिति, नेपाल विद्युत् प्राधिकरण, काठमाडौंसमेत वि. कमलराज नाख्वासमेत*

मिति २०४१।५।१ देखि नेपाल विद्युत् प्राधिकरण कर्पोरेसन, नेपाल विद्युत् प्राधिकरणमा परिणत भै कर्पोरेसनका कर्मचारी प्राधिकरणकै कर्मचारीको रूपमा मिलान भै प्राधिकरणकै कर्मचारीको रूपमा प्राधिकरणले स्वीकार गरी त्यस्ता कर्मचारीको सेवालाई निरन्तरता दिइरहेको अवस्थामा अस्थायीरूपमा प्राधिकरणमा आई स्थायी भएका कर्मचारीको मात्र अस्थायी अवधि गणना गर्नुपर्ने स्थायीरूपमै मिलान भै आएका कर्मचारीहरूको अस्थायी सेवा अवधि गणना गर्नु नपर्ने भनी हाल विद्यमान रहेको विनियमावलीको विनियम १३६(२) ले प्रदान गरेको सुविधाबाट

यी प्रत्यर्थी पुनरावेदकहरूलाई वञ्चित गरी एकै सेवा र कार्यालयअन्तर्गतका कर्मचारीबीच विभेद हुने गरी अर्थ गर्नु न्यायोचित, तर्कसङ्गत र विवेकसम्मत नहुनुको साथै समानताको सिद्धान्तसमेतको प्रतिकूल पनि हुनजान्छ । कुनै पनि नियमलाई न्यायसङ्गत बनाउनको लागि त्यस नियमले एउटै र उस्तै अवस्थाका कर्मचारीहरूबीच विभेद गर्‍यो कि गरेन भनी हेर्दा स्थायीबाट आउने र अस्थायीबाट आउने भन्ने विभक्त नीति निर्माण गरी स्थायीलाई सुविधा नदिने अस्थायीलाई दिने भन्ने अर्थ गर्न मिल्दैन । मूलत: दुबैको आधार र अवस्था एउटै हो होइन भनी हेर्दा दुबैको नतिजाले एउटै निष्कर्ष निकाल्ने हुँदा त्यसको प्रयोगमा असमानता सिर्जना नगर्नु नै न्यायिकपन र पाइन हो भन्ने बुझ्न जरूरी हुन्छ। तसर्थ प्रत्यर्थी निवेदकहरूले आफूहरूले गरेको अस्थायी सेवाको अवधि जोडिपाऊँ भनी निवेदन दिइरहेको अवस्थामा निवेदनमाथि कारवाही गरी निकासा दिनुपर्नेमा सो नगरी विपक्षी पुनरावेदकले आफ्नो जिम्मेवारी पूरा नगरेको अवस्थामा प्रत्यर्थी निवेदकहरूको निवेदन मागबमोजिम निजहरूले गरेको अस्थायी सेवा अवधि नेपाल विद्युत् प्राधिकरण, कर्मचारी सेवा नियमावली, २०६२ (संशोधनसहित) को नियम १३६ मा भएका व्यवस्थाबमोजिम जोडिदिनु भनी यी पुनरावेदकका नाउँमा पुनरावेदन अदालत, पाटनबाट जारी भएको आदेश मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: रानु पौडेल

संवत् २०७१ साल भदौ ९ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-१३१६, निषेधाज्ञा, *किसनलाल झागड (उराउ) समेत वि. विमलप्रसाद घिमिरे*

निषेधाज्ञाको आदेश जारी हुन वा जारी भैरहेको त्यस्तो आदेश बदर गराई पाउन जुन कुरामा आफूले दावी लिएको हो त्यसमा आफ्नो हक स्थापित भैरहेको देखाउन सक्नुपर्दछ । निषेधाज्ञाको आदेशले हक बेहकको टुङ्गो लगाउने नभै विवादित वस्तु, सम्पत्ति पद वा कुनै हकमा आघात हुने आशङ्कामा जारी गरिन्छ । भूमिसुधारमा मोही नामसारी गर्ने निवेदन गरेको भन्नेमात्र कारणले पुनरावेदकको सो जग्गामा मोही हक स्थापित भैसकेको भन्ने अर्थ गर्न नमिल्ने ।

प्रस्तुत मुद्दाकै कारणबाट भूमिसुधार कार्यालयमा चलेको मुद्दालाई प्रभावित गर्न पनि मिल्दैन । केवल मोहीको प्रमाणपत्र पुनरावेदक विपक्षीले प्राप्त नगरेकोसम्मको अवधिको लागि साविकमा जसले जग्गाको भोग गरेको थियो उसैलाई आफ्नो जग्गाको उपयोग गर्नबाट नरोक्ने प्रयोजनसम्म प्रस्तुत मुद्दाको निवेदकको हकमा आघात परेको नै मान्नुपर्ने भएका कारण विपक्षीले मोहीको नामसारी नगराउँदासम्मको

अवधिको लागि निवेदकलाई जग्गामा भोगचलन गर्न उपयुक्त सम्झी पुनरावेदन अदालतले मोही नामसारी नभै आउँदासम्मको लागि उपयुक्त सम्झी निषेधाज्ञाको आदेश जारी गरेकोलाई यस अदालतबाट "निषेधाज्ञाको आदेशद्वारा हक बेहक गराउने कुरा होइन तथापि यथास्थितिमा कायम राखी कानूनी बाटो अनुशरण गराउने हो, यस स्थितिमा हक बेहकको प्रश्न उपस्थित भएको भनी यथास्थिति राख्ने कुरामा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने भन्न न्यायको दृष्टिमा मिल्ने देखिएन" भनी रतनलाल अग्रवाल विरूद्ध फादर जेम्स ड्रेसम्यान भएको निषेधाज्ञा मुद्दामा नेकाप २०४४, अङ्क २, नि.नं. २९८७, पृ. १४८ मा प्रतिपादित सिद्धान्तसमेतको परिप्रेक्ष्यमा अन्यथा गर्नपर्ने देखिएन । तसर्थ यी पुनरावेदकको हक स्थापित भै नसकेको अवस्थामा निवेदकको निवेदन दावीको जग्गा र लगाएको बालीमा अवरोध नपुर्‍याउनु भनी यी पुनरावेदकका नाउँमा पुनरावेदन अदालत, विराटनगरबाट जारी भएको २०६८।६।३० को आदेश मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृत: उमानाथ गौतम

इति संवत् २०७१ साल भदौ ९ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०१८५, लुटपीट, *भिखनीदेवी भुसकुलिया वि. बिल्टु यादव*

व्यक्तिवादी भै चलेको लुटपीट जस्तो मुद्दामा सरकारवादी अन्य फौजदारी मुद्दामा जस्तो वारदातको दसी प्रमाण बरामद गरी त्यस्तो दसी प्रमाणबाट वारदात पुष्टि गर्न सकिने प्रश्न नआउने हुँदा यस्तो प्रकृतिको मुद्दामा वारदात पुष्टि गर्ने विश्वसनीय आधार त्यस्तो घटनाको साक्षीले बकेका कुरालाई नै ग्रहण गर्नुपर्ने ।

वादीका साक्षीले प्रतिवादीले लुटपीट गरेकोमा वारदात पुष्टि हुने गरी बकपत्र गरिदिन नसकेको स्थिति र प्रतिवादीका साक्षीहरूले बाली प्रतिवादीले नै लगाएका हुन्, प्रतिवादीले लुटपीट गरेका होइनन् बरू वादीका साक्षी जगदीश यादवले नै बाली काटी लगेकोमा पछि समाज बसाई फिर्ता गराएको हो भनी बाली लगाए लुटे सम्बन्धमा वस्तुस्थिति खोली बकपत्र गरिदिएको स्थितिमा फिराद लेख र वादीका साक्षीको भनाइलाई मात्र आधार मानी वादी दावीबमोजिम प्रतिवादीबाट लुटपीटको कार्य भएकै हो भनी लुटपीटको वारदात स्थापित गर्न मिल्ने नदिखिने ।

"लुटपीटको वारदात हुन जग्गाको बालीसमेत हात हाली जबर्जस्तीसँग खोसी लगेको हुनुपर्दछ" भन्नेसमेत अम्बरलाल विरूद्ध ठिठरलालसमेत भएको लुटपीट मुद्दा नेकाप २०३१, अङ्क ६, पृ. १७९ मा र "हात हाली जबर्जस्ती लिएको नदेखिए लुटपीट ठहर गर्न नमिल्ने" भन्नेसमेत मोहन बिक्रम शाह विरूद्ध

भगवतीप्रसाद उपाध्याय भएको लुटपीट मुद्दा नेकाप २०२२, अङ्क १, पृ. ४१ मा प्रतिपादित सिद्धान्तसमेतको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा वस्तुनिष्ठ प्रमाणको अभावमा वारदात नै स्थापित हुन नसकी केवल वादीका साक्षीको भनाइलाई मात्र प्रमाणमा लिई प्रतिवादीले लुटपीट गरेको ठहर गर्नु मनासिब नदेखी सुरूले वादी दावी ठहर्‍याई गरेको फैसलालाई उल्टी गरी वादी दावी नठहर्ने गरी पुनरावेदन अदालत, जनकपुरबाट भएको मिति २०६८।७।२० को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल भदौ ९ गते रोज २ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** २०६९-WO-००५६, उत्प्रेषण/परमादेश, *न्हुछेबहादुर महर्जनसमेत वि. हेरालाल महर्जनसमेत*

डोर तारिखमा सम्बन्धित स्थलमा उपस्थित भई बन्डा गर्ने कार्यमा डोरलाई सहयोग गर्नु यी निवेदकको समेत कर्तव्य हुन आउँछ । यस्तो कर्तव्य भएका पक्षले डोर तारिख लिई डोरमा उपस्थित नभई बन्डा मुचुल्कामा सहीछाप नगरी सो मितिमा भएका बन्डा मुचुल्का बदरका लागि दण्ड सजायको महलको ६१ नं. र अ.बं. १७ नं. को कानूनी उपचारको मार्गसमेत अवलम्बन गरी दुबै तहबाट बन्डा बदर नहुने भएपछि प्रस्तुत रिट क्षेत्रको मार्ग अवलम्बन गरी यस अदालतमा प्रवेश गरेको देखिने ।

अदालतबाट भएको अन्तिम फैसलाबमोजिम बन्डा छुट्ट्याई दिनुपर्ने कर्तव्य यी निवेदकको समेत रहेकोमा अदालतबाट भएको बन्डा मुचुल्काउपर द.स. को ६१ नं. र अ.बं. १७ नं. को कानूनी मार्गसमेत अवलम्बन र प्रयोग गरी फैसला कार्यान्वयन अन्तिम भैसकेको अवस्थामा यी रिट निवेदकले प्रस्तुत रिट निवेदन जारी हुनुपर्ने पर्याप्त आधार र कारण खुलाउन नसकेको र यी निवेदक अदालतको अन्तिम फैसला कार्यान्वयनमा विलम्ब गर्ने गराउने हेतु सफा हात र हृदय नलिई यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट निवेदन लिई आएको देखिँदा त्यसरी सफा हात र हृदय नलिई रिट क्षेत्रको मार्ग अवलम्बन गरी न्याय माग्न आउने निवेदकलाई अदालतको सहयोग गर्न सक्तैन । अदालतको अन्तिम फैसलाबमोजिम फैसला कार्यान्वयनका लागि निवेदन परी प्रतिवादी यी निवेदकसमेतलाई डोरको तारिख तोकी निजको अंश भाग पर सारी बन्डा छुट्ट्याउने कार्यसमेत सम्पन्न भइसकेको यस्तो अवस्थामा उक्त कार्यबाट निवेदकको संवैधानिक तथा

कानूनी हक हनन् भएको मान्न नमिल्ने हुँदा रिट जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दण्डपाणि लामिछाने

कम्प्युटर: रानु पौडेल/चन्द्रावती तिमल्सेना

इति संवत् २०७१ साल मङ्सिर ४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** २०६९-WO-०२३६, उत्प्रेषण/परमादेश, *कमलादेवी ठकुरानी वि. उर्मिलादेवी वर्मासमेत*

अधिकृत वारिसनामा दिने व्यक्तिको मृत्युपश्चात त्यस्तो अधिकृत वारिसनामा र सोको अख्तियारीबमोजिम भए गरेका कामकारवाहीको कानूनी वैधताउपर प्रश्नचिह्न उठ्नु स्वाभाविक हुन जाने ।

करारबमोजिम गरिपाउँ भन्ने मुद्दामा भएको मिति २०५७।१।२५ को मिलापत्रबमोजिम निवेदन दावीको जग्गा निवेदिकाको नाममा प्राप्त भई नसकेको अवस्थामा सो जग्गाबाट जग्गावाला ललितादेवीका अंशियारले लिए खाएको ऋणको बिगो भरिभराउ भएको देखिँदा मुलुकी ऐन, लेनदेनको व्यवहारको ८ नं. दं.स. को २६ नं. अंशबन्डाको १८ नं. र स्त्रीधनको १.२ नं. समेतविपरीत भयो भन्ने निवेदिकाको निवेदन दावीसँग सहमत हुन नसकिने ।

लेनदेन मुद्दाको अन्तिम फैसलाबमोजिम भएको बिगो भरिभराउको कारवाहीमा मुलुकी ऐन, द.स. को ६१ नं. र अ.बं. १७ नं. बमोजिम तहतहबाट सुनुवाइ भई त्यसमा भएको अन्तिम आदेशबमोजिम फैसला कार्यान्वयनको कार्य सम्पन्न भइसकेको यस्तो अवस्थामा यी निवेदिका यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत प्रस्तुत रिट निवेदन लिई आएको देखिएको र जुन मिलापत्रबाट निवेदन दावीको जग्गामा निवेदिकाको एकलौटी हक कायम भएको भनी निवेदिकाले दावी लिनुभएको छ, सो मिलापत्र कार्यान्वयन भई निजका नाममा आइनसकेको जग्गामा निजको एकलौटी हक कायम भइसकेको भनी अर्थ गर्न मिल्नेसमेत नहुँदा निवेदन मागबमोजिम उत्प्रेषण र परमादेशको आदेशसमेत जारी गर्न मिल्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दण्डपाणि लामिछाने

इति संवत् २०७१ साल मङ्सिर ४ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री ओमप्रकाश मिश्र,** २०६६-WO-०९०९, उत्प्रेषण, *मायानन्द झा वि. भूमिसुधार कार्यालय, सप्तरीसमेत*

भूमिसुधार कार्यालयले गरेको जग्गा बाँडफाँडको निर्णयको औचित्यता र वैधानिकताको सन्दर्भमा केलाउँदा यस अदालतबाट दोहोर्‍याई हेर्ने निस्सा प्रदान हुनुपूर्व नै जग्गा बाँडफाँडको निर्णय भएको देखिन्छ । त्यसैगरी भूमिसुधार अधिकारीले

गरेको मोही जग्गा बाँडफाँडसम्बन्धी निर्णयउपर भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(च) बमोजिम पुनरावेदन लाग्ने व्यवस्थासमेत नभएको अवस्था पाइयो । जिल्ला अदालत नियमावली, २०५२ को नियम ८०(क) को व्यवस्था हेर्दा "कुनै मुद्दामा ऐनको दफा ११ र १२ अन्तर्गत पुनरावलोकन गरी हेरिपाऊँ वा दोहोर्‍याई पाऊँ भन्ने निवेदन परी मुद्दा चलिरहेको भए तापनि पुनरावेदन तहको अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सोही कारणले मात्र त्यस्तो मुद्दामा भएको फैसलाबमोजिम कार्यान्वयन गर्न बाधा पर्ने छैन" भन्ने व्यवस्था भएको हुँदा विवादित जग्गाको कुत दिलाई मोही निष्काशन मुद्दाहरू पुनरावेदन अदालतबाट समेत सुरू सदर हुने गरी फैसला भएपश्चात कानूनबमोजिम सोको कार्यान्वयन रोकिने अवस्था नरहेको र सोही मुद्दासँग सम्बन्धित मोहियानी हकको जग्गा बाँडफाँड गर्ने निर्णय उक्त मुद्दाहरू पुनरावेदन अदालतबाट फैसला भएपश्चात नै भएको देखिएको तथा दोहोर्‍याई हेर्ने निस्सा भएपश्चात यसै लगाउमा रहेको उक्त ०६६-CI-०७९०, ०६०-CI-०७९१ र ०६६-CI-०७९२ को कुत दिलाई मोही निष्काशन मुद्दाहरूमा मोही निष्काशन नहुने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६३।४।१७ मा भएको फैसला सदर हुने गरी आजै यसै इजलासबाट फैसला भएकोसमेतका आधारमा भूमिसुधार कार्यालय, सप्तरीको मिति २०६३।६।१२ को निर्णयलाई अन्यथा र गैरकानूनी भन्न सकिने अवस्था नदेखिएको हुँदा सो निर्णयबमोजिम गरिएको जग्गा बाँडफाँड र सोअनुसारको दा.खा.लाई समेत अन्यथा भन्न सकिने अवस्था नभएकाले निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल असोज २८ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री ओमप्रकाश मिश्र,** २०६६-CI-०७९२, कुत दिलाई मोही निष्काशन, *मायानन्द झा वि. विलुर भन्ने विलट यादव*

दावीको कि.नं. ८१ र कि.नं. २२३ समेतको जग्गाको मोही प्रमाणपत्र पाउँ भन्ने विषयमा यी प्रत्यर्थी प्रतिवादी विलुर भन्ने विलट यादव र वादीका उक्त जग्गाका दाता बचाई यादवका बीचमा भएको मुद्दामा यसै सर्वोच्च अदालतबाट मोही कायम भई प्रमाणपत्र पाउने गरी मिति २०५२।६।३० मा फैसला भएको देखिएको, तत्पश्चात यी मोहीले उक्त जग्गाहरूको मोही प्रमाणपत्र लिन सकेको भन्ने देखिन्छ । वादीले २०५३ सालको कुत बिगो दावी गरी मोही निष्काशनको माग गरेको देखिएको र प्रतिवादीले २०५२ सालको सर्वोच्च अदालतको फैसलाबमोजिम मोही हक निश्चित भई मिति २०५४।९।८

गतेमा उक्त जग्गाहरूको मोही प्रमणपत्र प्राप्त गरेको भन्ने देखिएको अवस्था छ । यसरी मोहियानी हक कायम रहने नरहने भन्ने अनिश्चितताको अवस्था देखिएको तथा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २९(१) मा भएको व्यवस्था हेर्दा दैवी परी बाली नास भएमा वा उब्जा हुन नसकेमा बाहेक मोहीले कुत बुझाएन भन्ने कुराको जग्गावालाले उजुरी दिएमा तोकिएको अधिकारीले त्यस्तो मोहीलाई निष्काशन गर्ने गरी आदेश दिनसक्नेछ भन्ने उल्लेख भएको हुँदा आदेश दिनसक्नेछ' भनी मोही निष्काशनलाई बाध्यात्मक बनाएको नदेखिएको अवस्थासमेत भएकोले विपक्षी झिकाउँदा मिति २०६६।११।१४ मा यस अदालतबाट भएको आदेशसँग सहमत हुन सकिएन । अत: प्रस्तुत अवस्थामा मोही निष्काशन नहुने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६३।४।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल असोज २८ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६-CI-०७९०, कुत दिलाई मोही निष्काशन, *मायानन्द झा वि. विलुर भन्ने विलट यादव*
- २०६६-CI-०७९१, कुत दिलाई मोही निष्काशन, *मायानन्द झा वि. विलुर भन्ने विलट यादव*

५

**मा.न्या. श्री दीपकराज जोशी र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** २०६७-CR-०९९२, लागु औषध, *नेपाल सरकार वि. राजेश खड्गीसमेत*

कानूनी व्यवस्था हेर्दा लागु पदार्थको उत्पादन, सञ्चय, बिक्री वितरण, निकासी तथा पैठारीलाई लागु पदार्थ तथा मनोद्वीपक पदार्थको कारोबारको रूपमा राखेको पाइयो भने कारोबार र सेवन दुबै कार्यलाई ऐनले निषेध गर्दै सजायको व्यवस्थासमेत गरेको देखियो । व्यवसाय नै सञ्चालन गर्ने गरी अवैधरूपमा ठूलो परिमाणमा लागु औषधको सञ्चय गर्ने कार्य कारोबारको रूपमा मानिने भए तापनि नशाको लत भएका व्यक्तिले सानो परिमाणमा सञ्चय गरी निषेधित पदार्थ राख्ने कार्यलाई कारोबारको कार्यअन्तर्गत राख्न मिल्ने नदेखिने ।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) मा माथि खण्ड (ज) मा लेखिएदेखि बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई दुई वर्षदेखि दस वर्षसम्म कैद र एकलाख रूपैयाँसम्म जरिवाना गरिने भनी उल्लेख भएको र खण्ड (ज) मा लागु पदार्थ तथा मनोद्वीपक पदार्थको सेवनका सम्बन्धमा सजायको व्यवस्था गरिएको हुँदा खण्ड (झ)

को सजाय कारोबारको लागि र (ज) को सजायसम्बन्धी व्यवस्था सेवन कार्यका लागि भएको देखियो । यस आधारमा हेर्दा लागु औषध प्रतिवादीको साथमा भेटिनुमात्र ऐ. ऐनको दफा १४(१)(झ) बमोजिम सजायको लागि पर्याप्त मान्न सकिएन । लागु औषध प्रतिवादीले दुबै प्रयोजनको लागि सञ्चय गर्नसक्ने हुँदा त्यसमा निजको साथबाट बरामद भएको लागु औषधको मात्रालाई मुख्यरूपमा विचार गरिनुपर्ने देखियो । ऐ. ऐनको दफा १४ को स्पष्टीकरण खण्डमा लागु औषधको प्रकृति, परिमाण, सञ्चय, खरिद, बिक्री, ओसारपसार वा निकासी पैठारीको उद्देश्य, अभियुक्तको गिरोह वा सङ्गठन, अभियुक्तहरूले प्रयोग गर्ने हातहतियार वा बलको प्रयोग तथा नाबालकलाई आपराधिक कार्यमा गराइएको संलग्नता, शैक्षिक, सामाजिक र साँस्कृतिक सङ्गठन जस्ता संस्थालाई माध्यम बनाई गरेको कारोबार सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदको दुरूपयोग गरी गरेको कारोबारको आधारमा निर्धारण गरिने अपराधको मात्रा मानिने भनी व्यवस्था गरिएको हुँदा आरोपित व्यक्ति कसुरमा संलग्न रहँदाको सम्पूर्ण अवस्थाको विचार गरी सजाय निर्धारण गरिनुपर्ने विधायिकी मनसाय रहेको देखिन आयो । यस अर्थमा हेर्दा प्रतिवादीको साथबाट लागु औषध बरामद हुनुलाई मात्र लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिमको सजाय गर्नको लागि पर्याप्त आधार मान्न मिल्ने नदेखिने ।

लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ मा निषेधित कार्यको रूपमा कारोबार र सेवन दुबै कार्यलाई राखिएको तर ऐ. ऐनको दफा १४ मा उपरोक्त दुई कार्यमध्ये एकमा बढी सजाय र अर्कोमा घटी सजाय हुने व्यवस्था गरी कसुरको मात्राको आधारमा सजाय तोकिने व्यवस्था गरिएको पाइयो । प्रतिवादीले गरेको कसुरको मात्राको आधारमा निजलाई सजाय निर्धारण गरिने विधायिकी मनसाय रहेको अवस्थामा कारोबारको तथ्य नै स्थापित हुन नसकेको प्रस्तुत मुद्दामा यी प्रतिवादी राजेश खड्गीलाई कारोबारतर्फ सजाय हुनुपर्ने भन्ने नेपाल सरकारको जिकिरलाई तर्कसङ्गत मान्न नसकिने ।

अर्का प्रतिवादी राजु खड्गीले अनुसन्धानको क्रममा लागु औषधको कारोबार तथा सेवन दुबै कसुरमा संलग्न नभएको भनी इन्कारी बयान दिएका र अदालतसमक्ष समेत सोही व्यहोराको बयान गरेको देखिन्छ । सहअभियुक्त राजेश खड्गी तथा बकपत्र गर्ने अन्य मानिसले समेत निज कसुरमा संलग्न नभएको भनी लेखाई दिएको र मिसिल संलग्न कागजातहरूबाट समेत निजले लागु औषध कारोबार तथा सेवन गरेको तथ्य स्थापित हुन नसकेको अवस्थामा निजलाई कसुरमा संलग्न रहेको भनी मान्न सकिएन । यी प्रतिवादी राजु खड्गीले यो यति मात्रामा यसरी लागु औषध बिक्री वितरण गरेको भनी स्पष्टरूपमा

अनुसन्धानबाट खुल्न नसकेको र अभियोग माग दावीमा समेत प्रष्टरूपमा कसुरको तथ्य स्थापित गरी सजायको माग गर्न नसकेको अवस्थामा समष्टिगत अभियोजनलाई आधार मानी कसुर नै स्थापित नभएका प्रतिवादीको हकमा सजाय गर्न मिल्ने नदेखिँदा प्रतिवादी राजेश खड्गीलाई सेवनतर्फ सजाय गर्ने र प्रतिवादी राजु खड्गीले अभियोग दावीबाट सफाइ पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।२।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: चन्द्रप्रकाश तिवारी

इति संवत् २०७१ साल भदौ ५ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०२१६, मानाचामल, *राम खड्का वि. सरिता खड्का*

विवाह खर्च पर सारिसकेको हुँदा मानाचामल भराउन नपर्ने भन्ने पुनरावेदकको जिकिरतर्फ विचार गर्दा "विवाह खर्च" सगोलमा रहेका अंशियारहरूका बीच अंशबन्डा हुँदाका बखत तत्काल कायम रहेको सम्पत्तिको आधारमा विवाह नभएका अंशियारहरूको लागि खर्चको व्यवस्था गरिने गरी कानूनबाट सिर्जना भएको अधिकार हो। जसको सम्बन्ध बन्डा हुँदाका बखत विवाह नगरेका तथा विवाह भएका अंशियारबीच मात्र रहेको हुन्छ। यसरी विवाह खर्चसम्बन्धी शब्दले नै नेपाली समाजमा चलिआएको परम्परागत संस्कार र विधिपूर्वक विवाह गर्दाको बखत आवश्यक पर्ने रकमको लागि खर्चको व्यवस्था गरिएको हो भनी मान्न सकिन्छ। यसरी छुट्ट्याइएको खर्च विवाह गर्नुअगाडि नै कुनै पनि अंशियारले अन्य प्रयोजनको लागि खर्च गर्न सक्तैन। यस्तो अन्य काममा खर्च गर्न नसकिने रकम कलमलाई आधार बनाई आफ्नो बालबच्चालाई इज्जत आमदअनुसार खान लाउन र आवश्यकता अनुसार स्वास्थ्य उपचार र उचित शिक्षा दीक्षा दिनुपर्ने दायित्वबाट कुनै पनि अभिभावक पन्छिन मिल्दैन। भरणपोषणको लागि नियमितरूपमा खर्चको प्रबन्ध मानाचामलबाट गरिन्छ भने बन्डा हुँदाको बखत अविवाहित अंशियारको विवाह गर्ने कार्यमा हुने खर्चको व्यवस्था विवाह खर्चरूपमा गरिन्छ। यसरी फरक प्रसङ्ग र सन्दर्भमा प्रयोग हुने दुई भिन्नभिन्न अधिकारमध्ये एउटा अधिकार विवाह खर्च प्राप्त गरिसकेको हुँदा वादीलाई मानाचामल भराउन पर्दैन भन्ने पुनरावेदन जिकिरलाई कानूनअनुरूप मान्न नसकिने हुँदा अंश प्राप्त नगर्दाको अवस्थासम्म वादीलाई फिराद दावीबमोजिम मासिक रू.१५००।– (रूपैयाँ पन्ध्रसय) मानाचामल भरिपाउने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।९।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: चन्द्रप्रकाश तिवारी

इति संवत् २०७१ साल भदौ ५ गते रोज ५ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०२१४, जोत नामसारी, *शेरबहादुर सुवाल वि. श्रीभक्त सुवाल*

वादीले २०५३ सालमा संशोधित ऐन आउनुपूर्व नै बाबुको मृत्युपछि मोही नामसारीको लागि कारवाहीअगाडि बढाएको अवस्थासमेत देखिँदैन । भूमिसम्बन्धी ऐनमा भएको चौथो संशोधनले मोही हक नामसारी गर्न एकासगोलमा रहेको छोराले प्राथमिकता पाउने व्यवस्था गरेपछिमात्र मिति २०५५।९।१५ मा शेरबहादुर सुवालले जोत नामसारीको लागि निवेदन गरेको देखिन्छ । निवेदन परेपछि ऐनमा संशोधन भएको नभै संशोधन भैसकेपछि मात्र कारवाहीको लागि निवेदन परेको अवस्था हुँदा निवेदन पर्नुभन्दा पहिलेको ऐनको प्रावधान लागू हुने नभै निवेदन परेपछि कायम रहेको ऐनको व्यवस्था नै लागू हुने देखिँदा विपक्षी झिकाउने आदेश गर्दा लिइएको आधारसँग सहमत हुन नसकिने हुँदा भूमिसम्बन्धी ऐन, २०२१ मा भएको चौथो संशोधनको दफा २६(१) बमोजिम एकासगोलमा बसेका छोराले मोही नामसारीको लागि दावी गर्नसक्ने तर एकासगोलका छोरा हुँदाहुँदै छुट्टि भिन्न भई अलग बसेका छोराले दावी गर्न नसक्ने हुँदा वादी शेरबहादुर सुवालको नाउँमा मोही नामसारी हुनसक्ने अवस्था देखिँदैन । वादीले मोही नामसारी गरिपाउँ भनी दिएको निवेदनको आधारमा मोही नामसारी हुने ठहऱ्याएको सुरूको भूमिसुधार कार्यालय, भक्तपुरको मिति २०५८।१२।२७ को फैसला भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को कानूनी प्रावधानविपरीत भएकोले फैसला उल्टी गरी वादी दावी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१०।१७ को फैसला मिलेको हुँदा सदर हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

इति संवत् २०७१ साल कात्तिक २८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WH-००२२, बन्दीप्रत्यक्षीकरण, *मित्रध्वज लामा वि. तातोपानी भन्सार कार्यालय, सिन्धुपाल्चोकसमेत*

आफूले दिएको निवेदन आफूउपर दायर भएको मुद्दासमेतको छिनोफानो समयमा नै हुनुपर्छ भन्ने निवेदन जिकिरसँग कानूनी शासनमा प्रतिबद्ध जो कोहीले पनि असहमत हुनुपर्ने कारण छैन । यस्ता निवेदनहरूलाई अरू निवेदनहरूसँग जोड्नुपर्ने र साथै राखी हेर्नुपर्ने भन्ने आदेशको कुनै औचित्य हुँदैन । यसर्थ यो आदेश प्राप्त भएपछि अविलम्ब निवेदकको निवेदन र मुद्दासमेतलाई टुङ्गोमा पुऱ्याउनु भनी विपक्षीहरूको नाउँमा आदेश जारी हुने ।

जहाँसम्म ३५ केजी सुन तस्करी गर्ने व्यक्तिलाई साधारण तारिखमा राखेको र निवेदकलाई थुनामा राखेको भेदभावपूर्ण भयो भन्ने निवेदन जिकिरको सन्दर्भ छ, ग्याम्जो लामालाई साधारण तारिखमा राखेको आदेश यो यस्तो कारणले कानूनसम्मत छ भनी निवेदकले खुलाई दिएको भए यस अदालतले त्यसमा प्रवेश गरी हेर्न मिल्थ्यो । उक्त मुद्दाको तथ्य र मिसिलको आदि अनादि केही नहेरी कसैको हकमा कार्यालयबाट कुनै आदेश निर्णय हुन गएकै कारणले निवेदकको हकमा पनि सोहीबमोजिमको आदेश हुनुपर्छ भन्ने निवेदन जिकिर मनासिब नदेखिने ।

विपक्षी भन्सार कार्यालयले तथ्यगत आधारमा कानूनसमेत देखाई पुर्पक्षको लागि निवेदकलाई थुनामा राखेको आदेशमा कानूनी त्रुटि विद्यमान रहेको देखिन आएन । निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

इति संवत् २०७१ साल कात्तिक १३ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-१६०७, बैनाको रकम दिलाई भराइपाऊँ, *युद्धहर्ष बज्राचार्य वि. गङ्गाकुमारी सिवाकोटी*

जसले जे कुराको जिकिर लिएको हुन्छ सो कुराको प्रमाण पुर्‍याउने भारसमेत निजमा नै निहित हुने हुँदा प्रस्तुत मुद्दामा प्रतिवादीले जिकिर लिएबमोजिम वादीको कारणले नै जग्गा पारित हुन नसकेको तथ्य पुष्टि हुन सकेको देखिन आएन । बाँकी रकम बुझाएमा जग्गा पास गरी दिन पनि मन्जुर नगर्ने र बैना रकम फिर्ता गर्न पनि इन्कार गर्ने गरेबाट यी पुनरावेदक प्रतिवादीको जिकिर कानूनअनुरूप नदेखिँदा पुनरावेदन अदालतले साँवासम्म वादीलाई प्रतिवादीबाट भराई दिने ठहर्‍याएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा जग्गा राजीनामा पारित गराउने सम्बन्धमा वादी गङ्गाकुमारी सिवाकोटीले कुनै चासो नदेखाएको भन्ने कुराको पुष्टि हुने यकिन प्रमाणसमेत देखिन नआएको अवस्थामा वादीले दिएको बैनाबापतको रकम रू. एकलाखसम्म मात्र भरिपाउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।८।५ को फैसला यथोचित नै देखिन आएको हुँदा सदर हुने ।

इजलास अधिकृत: सूर्यप्रसाद रेग्मी

इति संवत् २०७१ साल कात्तिक २ गते रोज १ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०७१-WH-००२३, बन्दीप्रत्यक्षीकरण, *विकास तामाङको हकमा जङ्गबहादुर तामाङ वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत*

निवेदकले कुनै कसुर नै गरेको छैन भनी निवेदकका विद्वान् कानून व्यवसायीले

बहस गरेको भए पनि निवेदकउपरको कसुरमा निजको संलग्नता थियो थिएन भन्ने कुराको निरूपण अनुसन्धान अधिकृतले सङ्कलन गरेका सबुद प्रमाणको आधारमा सम्बन्धित सरकारी वकिलले गर्ने नै हुँदा मुद्दाको अनुसन्धानलाई प्रभावित गर्ने गरी हस्तक्षेप गर्न नमिल्ने हुँदा उक्त बहससँग सहमत हुन नसकिने।

निवेदकउपर ज्यान मार्ने उद्योग मुद्दाको अनुसन्धान भइरहेको र उक्त मुद्दाको अनुसन्धानका लागि हिरासतमा राख्ने अधिकार प्रहरीलाई रहे भएको हुँदा निजलाई गैरकानूनी थुना राखेको भन्न सकिने अवस्था नदेखिएकाले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल असोज १६ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०७१-WH-००२६, बन्दीप्रत्यक्षीकरण, *विनोद बस्नेतको हकमा अजय बस्नेत वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत*

सार्वजनिक अपराध मुद्दाको अनुसन्धान गर्न मुद्दा हेर्ने अधिकारीको अनुमति लिई निवेदकलाई हिरासतमा राखेको देखिँदा त्यस्तो हिरासतलाई गैरकानूनी हिरासत भन्न नमिल्ने।

कानूनबमोजिम प्रहरीले गरेको अपराधको अनुसन्धानलाई प्रभावित गर्ने गरी र त्यस्तो अनुसन्धानमा हस्तक्षेप हुने गरी रिट जारी गर्न नमिल्ने हुँदा निवेदकलाई थुनुवापुर्जीसमेत दिई केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गतको मुद्दा हेर्ने अधिकारप्राप्त प्रमुख जिल्ला अधिकारीबाट म्याद थप लिई मुद्दाको अनुसन्धानका लागि हिरासतमा राखेको देखिएको र निजउपर चलेको सार्वजनिक अपराध मुद्दामा भएको कानूनबमोजिमको अनुसन्धानमा हस्तक्षेप गर्न नमिल्ने हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल असोज १६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०७१-WH-००२८, बन्दीप्रत्यक्षीकरण, *अजय लामासमेत वि. महानगरीय प्रहरी वृत्त, बौद्ध काठमाडौंसमेत*

रिट निवेदकहरूलाई प्रहरीले २०७१।६।१२ गते पक्राउ गरेकोमा मिति २०७१।६।९ देखि नै दशैं विदाका कारणले अदालत बन्द रहेको अवस्था छ । अदालत बन्द भएका अवस्थामा अभियुक्तलाई हिरासतमा राखी मुद्दाको अनुसन्धान गर्ने प्रयोजनका लागि दफा १५(२) बमोजिम अदालतसँग अनुमति माग गर्नसक्ने र दफा १५(४) बमोजिम अदालतको अनुमति दिनसक्ने अवस्था हुँदैन । अदालत खुलेपछि

कानूनबमोजिम म्याद थपको अनुमतिका लागि अदालतसमक्ष प्रस्तुत गरिने भन्ने विपक्षीको लिखित जवाफबाट देखिएकै छ । अदालत खुलेपछि पनि प्रहरीले निवेदकहरूलाई म्याद थपको लागि अदालतसमक्ष पेस नगरेमा त्यस्तो कार्यका विरूद्ध निवेदकहरूले उपचार पाउने नै हुँदा सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान गर्ने अधिकारप्राप्त प्रहरीले कानूनबमोजिम गरेको अनुसन्धानलाई रिटक्षेत्रबाट हस्तक्षेप गर्दा मुद्दाको अनुसन्धान नै प्रभावित हुन सक्दछ । यी निवेदकहरू चोरी मुद्दामा संलग्न रहेको भनी सो मुद्दाको अनुसन्धानको लागि निजहरूलाई हिरासतमा राखेको देखिएको हुँदा निजहरूउपरको कसुरको अनुसन्धानसम्बन्धी कार्यलाई प्रभावित हुने गरी निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

निवेदकहरूउपर चोरी मुद्दाको जाहेरी परी सोही चोरी मुद्दाको अनुसन्धानका लागि प्रहरीले हिरासतमा राखेको देखिएको र सो चोरी मुद्दामा कानूनबमोजिम अनुसन्धान भइरहेको देखिँदा उक्त अनुसन्धानलाई प्रभावित पार्ने गरी प्रस्तुत रिटको रोहबाट हस्तक्षेप गर्न नमिल्ने हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल असोज १६ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की,** ०७०-WH-००८८, बन्दीप्रत्यक्षीकरण, *छाओ ताय छिन (Cao Daiqing) वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत*

अधिकारप्राप्त अदालतमा दायर रही कारवाहीयुक्त अवस्थामा रहेको मुद्दामा निवेदकले अरोपित कसुर गरेको हो वा होइन भन्ने सम्बन्धमा प्रस्तुत रिट निवेदनबाट प्रमाणको मूल्याङ्कन गरी निवेदकले कसुर नगरेको भन्ने निष्कर्ष निकाली जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दामा प्रभाव पार्ने गरी जिल्ला अदालतबाट निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेशको तहतह अदालतबाट परीक्षण भैसकेको अवस्थामा निवेदकको थुनालाई गैरन्यायिक थुना भनी बदर गर्नुपर्ने अवस्था नदेखिने ।

बन्दीप्रत्यक्षीकरणको निवेदनबाट निवेदक गैरकानूनी थुनामा रहे नरहेको मात्र हेरिने प्रकृतिको निवेदन भएबाट यी निवेदक वादी नेपाल सरकार प्रतिवादी छाओ ताई छिनसमेत भएको अवैध विदेशी मुद्रा निकासीसम्बन्धी मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०७१।१।२५ गतेको आदेशानुसार कानूनबमोजिम नै थुनामा रहेको देखिन आएकोले निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

इति संवत् २०७१ साल असार ३१ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की,** ०७०-WO-०९७२, उत्प्रेषण/परमादेश, *छाङ ग्यु मिङग (Zhang Guo Ming) वि. काठमाडौं जिल्ला अदालत,* बबरमहल, काठमाडौंसमेत

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) को असाधारण अधिकार क्षेत्रको उपचार साधारण अधिकारक्षेत्रको उपचारको अभावमा मात्र आकर्षित हुने हुँदा तल्लो अदालतमा अवैध विदेशी मुद्रा निकासीसम्बन्धी गम्भीर प्रकृतिको फौजदारी अभियोग दायर भै कारवाहीयुक्त अवस्थामा रहेको मुद्दालाई असर पर्ने गरी माथिल्लो अदालतले आदेश जारी गर्नु न्यायिक मान्यताविपरीत हुन जाने हुँदा निवेदकको जिकिर उचित देखिन आएन । निवेदकले अदालतसमक्ष तल्लो अदालतले गरेको आदेश वा निर्णयमा कानूनी त्रुटि र सो निर्णयलाई प्रभावित पार्ने किसिमको प्रक्रियागत त्रुटिको विद्यमानता देखाएमा त्यस्तो आदेश वा निर्णयलाई बदर गर्नमात्र उत्प्रेषणको आदेश जारी गर्नुपर्ने हुन्छ । निवेदकले उठाएका विषयहरू त्यस्तो नदेखिएको हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गर्नुपर्ने देखिन नआउने।

निवेदकले नेपालको अन्तरिम संविधान,२०६३ को धारा १४ सँग मुलुकी ऐन, अ.बं. ११८(३) बाझिएको भनी नेपालको अन्तरिम संविधान,२०६३ को धारा १०७(१) बमोजिम सो बदर गराई पाउँ भनी निवेदन गरेको देखिएकोले सो बदर गराई पाउँ भनी माग्न पाउने अधिकार नेपालको अन्तरिम संविधानले केवल नेपाली नागरिकलाई मात्र प्रदान गरेको अवस्था हुँदा यि निवेदक विदेशी नागरिक भएकाले प्रस्तुत विषयमा रिटमा आउन मिल्ने नदेखिँदा निवेदकले माग गरेबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल असार ३१ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WH-००२०, बन्दीप्रत्यक्षीकरण, *दिपेस बस्नेतका हकमा अधिवक्ता विमला यादव वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

दिपेस बस्नेत १२ वर्षका नाबालक भएको र निजलाई जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीले दिएको म्याद थप अनुमतिको आधारमा सार्वजनिक अपराध मुद्दामा अनुसन्धान गर्नका लागि बाल सुधार गृह, सानोठिमी, भक्तपुरमा राखिएको तथ्यमा विवाद छैन । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५(२) मा कुनै व्यक्तिलाई थुनामा राखी अनुसन्धान तहकिकात गर्नुपर्ने भए त्यसरी थुनामा राखी अनुसन्धान तहकिकात गर्नुपर्ने कारण स्पष्टरूपमा खुलाएर म्याद थपको लागि अदालतसँग अनुमति माग गर्नुपर्ने व्यवस्था रहेको छ भने दफा १५(४)

अनुसन्धान तहकिकात सन्तोषजनकरूपमा भएको देखिएमा मात्र अदालतले म्याद थपको अनुमति दिनसक्ने व्यवस्था रहेको छ। सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को उपर्युक्त व्यवस्थाले सबै प्रकारका कसुरमा संलग्न कसुरदारलाई अनिवार्यरूपमा थुनामा नै राखेर अनुसन्धान गर्नैपर्ने बाध्यात्मक व्यवस्था गरेको नहुँदा यी नाबालक निवेदकलाई थुनामा नै राखेर मुद्दाको अनुसन्धान गर्नुपर्ने मानसिब आधार र कारण खुल्न नआएको स्थितिमा निजलाई थुनामा राखेर अनुसन्धान गर्नका लागि पटकपटक म्याद थपको अनुमति माग गर्ने र त्यसरी म्याद थपको अनुमति माग भएका आधारमा म्याद थपको अनुमति दिनेसमेतका विपक्षीहरूबाट भएका कार्यलाई न्यायसङ्गत मान्न नसकिने।

यी निवेदकले प्रमाण आदि लोप गर्ने वा थप कसुर गर्नेसमेतको अवस्थाको पुष्टि हुन नसकेकाले यिनको हकमा सुधारात्मक दृष्टिकोणले हेर्नुपर्ने हुन्छ । तदनुसार थुनामा राखी पुर्पक्ष गर्दा कसुरभन्दा सजाय बढी हुने र बालबालिकाको मनोविज्ञानमा नकारात्मक असर पुग्नेसमेतको न्यायिक परिप्रेक्षलाई विचार गर्दा निवेदकलाई थुनाबाट मुक्त गर्नु न्यायोचित हुने देखिँदा १२ वर्ष उमेरका रिट निवेदकलाई बाल सुधार गृह, सानोठिमी, भक्तपुरमा थुनामा राखेको विपक्षीहरूको कार्य कानूनप्रतिकूल देखिएकाले निजलाई यसै अदालतबाट थुनामुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

अधिकृत: किशोर घिमिरे

कम्प्युटर : रामशरण तिमिल्सना

इति संवत् २०७१ साल असोज १५ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०३०८, उत्प्रेषण/परमादेश, *नवराज भण्डारी वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत*

निजामती सेवा ऐन, २०४९ को साविक दफा २४घ१ को उपदफा १ र २ तथा ऐन, २०४९ को दफा २४घ१क. को उपदफा १ को खण्ड (ग) मा भएको कानूनी व्यवस्थाबमोजिम राजपत्र अनङ्कित प्रथम श्रेणीमा १५ वर्ष सेवा अवधि पूरा भएको कर्मचारी राजपत्राङ्कित तृतीय श्रेणीमा कार्य सम्पादन र मूल्याङ्कनद्वारा गरिने विशेष बढुवा हुन आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यता सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सोसरह हुनुपर्ने देखिन्छ । यी निवेदकले सो सरह न्यूनतम् शैक्षिक योग्यता प्राप्त गरेको नदेखिएकोले प्रथम दृष्टिमा नै निजले बढुवा हुनको लागि चाहिने आवश्यक न्यूनतम् शैक्षिक योग्यता नै प्राप्त गरेको नदेखिँदा प्रस्तुत निवेदनमा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनुपर्ने नभई रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सूर्यप्रसाद रेग्मी, गीता श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे गिरी

इति संवत् २०७१ साल कात्तिक २३ गते रोज १ शुभम्।

**“छिटो छरितो न्याय, सबैका लागि न्याय”**

## न्यायाधीशहरूको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित

# घोषणापत्र

# २०७१

**घोषणापत्र तयारी समूह**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय | - संयोजक |
| माननीय मुख्य न्यायाधीश श्री शम्भुबहादुर खड्का | - सदस्य |
| माननीय न्यायाधीश श्री डिल्लीराज आचार्य | - सदस्य |
| माननीय जिल्ला न्यायाधीश श्री टेकनारायण कुँवर | - सदस्य |
| माननीय जिल्ला न्यायाधीश श्री विदुर कोइराला | - सदस्य |
| सहरजिस्ट्रार श्री नहकुल सुवेदी | - सदस्य-सचिव |

# प्रस्तावना

स्वतन्त्र, निष्पक्ष, एवम् सक्षम न्यायपालिका लोकतान्त्रिक राज्य व्यवस्थाको आधारस्तम्भ हो भन्ने मान्यतालाई आत्मसात् गर्दै;

नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार र कानूनी राज्यको अवधारणालाई सार्थक तुल्याउन सदैव क्रियाशील रहने अठोट गर्दै;

संविधान, कानून तथा न्यायका मान्य सिद्धान्तअनुरूप न्यायिक काम कारवाहीमा इमान्दारिता, निष्पक्षता, स्वच्छता, समानता र पारदर्शिता कायम गर्ने प्रतिबद्धता व्यक्त गर्दै;

न्यायपालिकाप्रति जनआस्था र विश्वास अभिवृद्धि गर्न, लोकतान्त्रिक पद्धतिअनुरूप उत्तरदायी एवम् गतिशील न्यायपालिकाको स्थापना गर्न, योजनाबद्ध कार्यक्रमहरूको माध्यमबाट नागरिकको न्यायमा सहज पहुँच हुने अवस्था सुनिश्चित गरी सुलभ, स्वच्छ, प्रभावकारी, छिटोछरितो र सबैका लागि न्याय सम्पादन गर्न दृढ सङ्कल्पित रहँदै;

भावी संविधानमा स्वतन्त्र, निष्पक्ष, सक्षम एवम् प्रभावकारी न्यायपालिकाको मूल्य मान्यतालाई संवैधानिक प्रत्याभूति गरिनुपर्दछ भन्ने मान्यतामा जोड दिँदै; र

न्यायाधीशहरूको प्रथम राष्ट्रिय सम्मेलन, २०६५ द्वारा पारित घोषणाहरूप्रति पुन: प्रतिबद्धता व्यक्त गर्दै;

संवत् २०७१ साल मङ्सिर १ गते सोमबार प्रारम्भ भई संवत् २०७१ साल मङ्सिर ३ गते बुधबार सम्पन्न भएको न्यायाधीशहरूको दोस्रो राष्ट्रिय सम्मेलनका सहभागी हामी न्यायाधीशहरू यो घोषणापत्र जारी गर्दछौं।

**भावी संविधानमा न्यायपालिकाको स्वरूप सम्बन्धमाः**

१. मुलुक अहिले सार्वभौम जनप्रतिनिधिमूलक संस्था संविधानसभामार्फत् संविधान निर्माणको प्रक्रियामा छ । संविधानवादले संविधानभन्दा माथि कसैको अस्तित्वलाई स्वीकार नगर्ने र संविधानभित्रका शक्तिहरूको अख्तियारी र स्पष्ट सीमा निर्धारण गर्ने हुनाले संविधानवादलाई आत्मसात् गरेर मात्र दिगो र जनआकाङ्क्षा अनुरूपको संविधान निर्माण हुन सक्दछ । हाम्रो सन्दर्भमा हेर्दा संविधान निर्माणको प्रमुख चुनौती द्वन्द्वको व्यवस्थापन र रूपान्तरण पनि हो । संविधानले द्वन्द्वको स्थायी व्यवस्थापन गर्दै राजनीतिक, आर्थिक र सामाजिक न्यायको सुनिश्चिततामार्फत् राष्ट्रको रूपान्तरणको अगुवाइ गर्नुपर्छ । तसर्थ, आगामी संविधान सभ्य, उन्नतिशील र स्वाभिमानी नेपाल राष्ट्रको अपेक्षा समेट्न सक्ने तथा शान्ति र विकासको संवाहकको रूपमा वर्तमान नेपाली समाज रूपान्तरणका साथै भावी पुस्ताको लागि चिरकालपर्यन्त दिगो र स्थायी मार्गचित्र बन्नेछ भन्नेमा हामी विश्वस्त छौं ।

२. न्यायपालिकाको स्वतन्त्रतालाई सम्झौताको विषय नबनाई संविधानसभाबाट निर्माण हुने आगामी संविधानमा लोकतान्त्रिक राज्यप्रणालीका आधारभूत मूल्य मान्यताहरूलाई समाहित गर्दै स्वतन्त्र न्यायपालिकासम्बन्धी सर्वस्वीकृत मूल्य मान्यताहरूलाई पूर्ण संवैधानिक प्रत्याभूति दिइनुपर्दछ । न्यायपालिकासम्बन्धी व्यवस्था गर्दा यसले विगत छ दशकमा प्राप्त गरेको उपलब्धिलाई उपेक्षा नगरी संरक्षित गर्न आवश्यक छ । राज्यको न्यायसम्बन्धी अधिकार संविधान, कानून र न्यायका मान्य सिद्धान्त अनुसार अदालत र अन्य न्यायिक निकायबाट मात्र प्रयोग गरिने संवैधानिक प्रत्याभूति हुनुपर्दछ ।

३. न्यायपालिका देशको संविधान, कानून र न्यायका मान्य सिद्धान्तहरूका आधारमा चलिरहने स्थायी संस्था हो । यसका आफ्नै मूल्य, मान्यता र संस्थागत विशिष्टताहरू रहेका छन् । न्यायिक स्वतन्त्रता, निष्पक्षता र सक्षमता मोलतोल गर्न नसकिने वा सौदा गर्नै नसकिने प्रजातान्त्रिक गुणहरू हुन् । संविधानमा न्यायपालिकाको स्वरूप, संरचना र क्षेत्राधिकारलगायतका विषयवस्तु निर्धारण गर्दा न्याय क्षेत्रका यी मूल्य, मान्यता र विशिष्टताहरूलाई नजरअन्दाज गर्न मिल्दैन । स्थापित मूल्य, मान्यता र न्यायिक प्रणाली नै खल्बलिने गरी यसलाई प्रयोगको विषयवस्तु बनाइनुहुँदैन । त्यसैले राजनीतिक अवरोध हटाउने वा सुविधाजनक निकास खोज्ने प्रयासमा भावी संविधानमा न्यायपालिकाको स्वरूप राजनीतिक सौदाबाजीको रणनीतिक हिस्सा बन्नुहुँदैन भन्नेमा हामी जोड दिन्छौं ।

४. संविधानले जनताको मौलिक हक अधिकारहरूको प्रारूप कोर्ने र तिनको

कार्यान्वयनको मार्गचित्र र संयन्त्र बनाउने हुँदा आगामी संविधानमा मौलिक हकको रूपमा नागरिक तथा राजनीतिक हक अधिकारका साथसाथै खाद्य, शिक्षा, स्वास्थ्य, आवास, पानी र स्वच्छ वातावरणको हकसमेतका आर्थिक, सामाजिक, साँस्कृतिक हकहरूलाई प्रचलनीय हकका रूपमा प्रत्याभूत गर्नुका साथै यस्ता हकहरूको प्रचलनको लागि आवश्यक स्रोतसाधन जुटाइने प्रतिबद्धता पनि व्यक्त हुनुपर्दछ । त्यसो हुन सकेमा मात्र जनस्तरमा न्याय सुनिश्चित भई न्यायको पहुँचमा समेत अभिवृद्धि हुनसक्छ ।

५. लोकतान्त्रिक राज्य व्यवस्थामा न्याय प्रणालीलाई सक्षम, प्रभावकारी, छिटो छरितो र विश्वसनीय बनाउन संविधानले नै न्यायिक स्वायत्तताको प्रत्याभूति गर्ने अन्तर्राष्ट्रिय अभ्याससमेत रहेको सन्दर्भमा नेपालको न्यायपालिकाको प्रशासनिक, आर्थिक र नियम निर्माण गर्ने स्वायत्तताको संवैधानिक प्रत्याभूति हुनुपर्दछ जसअन्तर्गत न्यायपालिकाले नै आफ्नो कार्यबोझको आधारमा जनशक्तिको दरबन्दी निर्धारण, स्थानान्तरण र समायोजन गर्न पाउने संवैधानिक व्यवस्था गरिनुपर्दछ । त्यस्तै न्यायपालिकाको निम्ति संसद्बाट नै कुल राष्ट्रिय बजेटको कम्तीमा एक प्रतिशत बजेट सर्वसञ्चित कोषमा व्ययभार हुने गरी विनियोजन गर्ने तथा आवश्यकतानुसार खर्च गर्न र रकमान्तर गर्न पाउने संवैधानिक व्यवस्था हुनुपर्दछ । साथै न्याय प्रशासनको सन्दर्भमा आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने र उपयुक्त नियम निर्माण गर्न सक्नेसमेतका अधिकारहरू संविधानद्वारा नै प्रत्याभूत गरिनुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ ।

६. न्यायमा जनताको पहुँच अभिवृद्धिको लागि न्यायलाई विकेन्द्रीकृत गर्ने भन्ने संविधानसभाको आफ्नै मान्यता विपरीत हुने गरी संवैधानिक अदालतको प्रयोग नेपालको संवैधानिक विकासको इतिहास र न्यायिक पद्धतिको कार्यान्वयनको अनुभवको पृष्ठभूमिमा उपयुक्त र व्यावहारिक देखिँदैन । त्यसैकारण संवैधानिक अदालतको आवश्यकता छैन । यसको सट्टा सर्वोच्च अदालतमा नै स्थायी प्रकृतिको संवैधानिक इजलास रहने व्यवस्था गरिनुपर्दछ । संविधान निर्माण गर्दा हामीले विकसित गरेको न्यायिक संस्कृतिसँग कुनै पनि रूपमा मेल नखाने, नियमित न्यायिक शृङ्खलामा नमिल्ने, क्षेत्राधिकारको विवाद पर्ने, न्यायलाई केन्द्रीकृत गर्ने, मुलतबी संस्कृतिलाई बढावा दिने, नजिरको पालनामा अन्यौल सिर्जना गर्ने, हालसम्म हासिल गरिएका सबै अनुभवहरूलाई समाप्त गर्ने र अनावश्यक आर्थिक व्ययभार बढाउने जस्ता कुनै पनि पद्धतिको खोजी गर्नुहुँदैन ।

७. अदालतको तहगत संरचनाको सम्बन्धमा आधारभूतरूपमा सर्वोच्च अदालत, प्रादेशिक उच्च अदालत र जिल्ला अदालत गरी तीन तहको न्यायिक संरचना उपयुक्त हुन्छ । तर जनताको न्यायमा सहज पहुँच स्थापित गर्न

र न्यायलाई कम खर्चिलो बनाउन स-साना विवादको स्थानीय तहमा नै छिनोफानो गर्नु उपयुक्त हुन्छ । यसका लागि कानूनद्वारा व्यवस्था गर्ने गरी स्थानीय स्तरको अदालत स्थापना गर्न सकिने संवैधानिक व्यवस्था गर्नु वाञ्छनीय हुन्छ ।

८. मुलुकको आर्थिक, सामाजिक, साँस्कृतिक र भौगोलिक अवस्थासमेतलाई हेर्दा दोहोरो न्यायिक पद्धति अत्यन्त जटिल र महँगो हुने हुँदा नेपालको लागि एकीकृत र सरल न्याय व्यवस्था नै उपयुक्त हुन्छ । त्यसैले सङ्घीय प्रणाली लागू भएपछि गठन हुने प्रदेशहरूको आकार, जनसङ्ख्या, यातायात र सञ्चारको सुविधा तथा मुद्दाको चापसमेतका विविध पक्षहरूलाई दृष्टिगत गरी केन्द्र र प्रादेशिक राज्यमा फरकफरक ढङ्गले दोहोरो न्याय व्यवस्था नगरी न्यायपालिकाको संरचनालाई एकीकृत, सरल र सुव्यवस्थित बनाई प्रदेशमा प्रादेशिक उच्च अदालत र सो अन्तर्गत एकभन्दा बढी जिल्लाको लागि एउटा जिल्ला अदालतसमेत रहनसक्ने गरी न्यायिक संरचनाको व्यवस्था गरिनुपर्दछ । साथै, अदालतको सङ्ख्या, प्रादेशिक क्षेत्राधिकार र मुकाम सर्वोच्च अदालतले नै तोक्ने संवैधानिक प्रत्याभूति हुनुपर्छ ।

९. माथिल्लो तहको अदालतमा न्यायाधीशको नियुक्ति गर्दा निश्चित अवधि तल्लो अदालतमा काम गरी प्रतिष्ठा आर्जन गरेका न्यायाधीश, न्याय सेवाका अनुभवी वरिष्ठ अधिकृत, लामो समयदेखि निरन्तर कानून व्यवसाय गरी उच्च प्रतिष्ठा आर्जन गरेका कानून व्यवसायी वा कानून र न्यायको क्षेत्रमा विशेष योगदान पुर्‍याएका विशिष्ट कानूनविद्हरूमध्येबाट मात्र नियुक्ति गर्ने पद्धतिलाई कठोरतापूर्वक पालना गरिनु आवश्यक छ । यसैगरी सबै तहको न्यायाधीशको पदमा नियुक्ति गर्दा योग्यता, क्षमता, अनुभव, न्यायप्रतिको निष्ठा र योगदान, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति, उच्च नैतिक चरित्रसमेतका आधारमा योग्य उम्मेद्वारहरूमध्येबाट भेदभावरहित, समानुपातिक, समावेसी र पारदर्शी ढङ्गले नियुक्ति गरिने व्यवस्था गरिनुपर्छ । साथै, न्यायिक सेवाको विशिष्टतालाई समेत हृदयङ्गम् गर्दै न्याय सम्पादनको गुणात्मक स्तर र न्यायिक जनशक्तिको वाञ्छित योग्यतामा प्रतिकूल असर नपर्ने गरी समावेसी संस्कृतिलाई प्रोत्साहित गर्ने सिद्धान्तबाट न्यायपालिका निर्देशित हुनुपर्ने मान्यतालाई आत्मसात् गर्दै जुन वर्ग वा समूहको व्यक्ति भए पनि योग्यतम् व्यक्ति न्यायाधीशको पदमा नियुक्ति हुने व्यवस्था कायम रहनुपर्छ ।

१०. प्रधानन्यायाधीशमा नियुक्ति हुनको लागि कुनै निश्चित अवधि बाधक हुनुहुँदैन । तसर्थ सो पदको नियुक्तिमा कुनै निश्चित सेवा अवधि सर्वोच्च अदालतमा काम गरेको हुनुपर्ने भन्ने वा खास अवधि बाँकी नभएको भन्ने आधारमा नियुक्ति हुन नसक्ने गरी शर्त राखिनुहुँदैन । कुनै निश्चित सिद्धान्तभन्दा पनि

न्यायपालिकामाथि नियन्त्रण गर्ने, अमुक व्यक्तिलाई प्रधानन्यायाधीश हुन नदिने जस्ता निहित विचारले संविधानमा कुनै स्थान पाउनुहुँदैन भन्ने हाम्रो मान्यता रहेको छ ।

११. सर्वोच्च अदालतमा तीनजना न्यायाधीशको संयुक्त इजलास रहने गरी इजलास गठन गर्नु उपयुक्त हुने हुँदा हाल प्रधानन्यायाधीशसहित पन्ध्रजना न्यायाधीश रहने व्यवस्थामा पुनरावलोकन गरी न्यायाधीशको सङ्ख्या बढाउने र मुद्दाको चापलाई नियन्त्रणमा लिन केही समयका लागि पुनरावेदन अदालत वा प्रादेशिक उच्च अदालतका मुख्य न्यायाधीश वा न्यायाधीशलाई सर्वोच्च अदालतको न्यायाधीशको रूपमा काम गर्न काजमा ल्याउन सकिने व्यवस्था हुनुपर्दछ ।

१२. सर्वोच्च अदालत अभिलेख अदालतका रूपमा रहनुपर्छ । यस अदालतले सार्वजनिक सरोकारको विषयलगायत महत्त्वपूर्ण संवैधानिक तथा कानूनी विवादका विषयहरूको मुद्दा हेर्नुपर्ने भएकोले पाँच वर्षसम्म कैदको सजाय वा एक लाख रूपैयाँसम्म जरिवाना हुने मुद्दा सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने गरी प्रान्तीय उच्च अदालतबाटै अन्तिम हुने व्यवस्था गरिनुपर्छ । हाल सर्वोच्च अदालतले प्रयोग गर्दै आएको मुद्दा दोहोर्‍याउने क्षेत्राधिकारको प्रयोग प्रान्तीय उच्च अदालतले निस्सा दिएकोमा मात्र गर्ने व्यवस्था रहनु राम्रो हुन्छ । साथै न्यायसम्बन्धी अधिकारको प्रयोग न्यायपालिकाबाट मात्र गरिनुपर्छ भन्ने सिद्धान्त अनुसार भावी संविधानमा छ महिनाभन्दा बढी कैद हुने वा पचासहजार रूपैयाँ भन्दा बढी जरिवाना हुने मुद्दाको न्याय निरूपण अदालत वा न्यायिक निकायबाटै हुने व्यवस्था हुनुपर्छ ।

१३. न्यायाधीशको संसदीय सुनुवाइ गर्ने पद्धति कार्यपालिकाले न्यायाधीश नियुक्ति गर्ने प्रणाली अपनाएका मुलुकमा मात्र प्रचलित छ । हामीले न्यायाधीशको नियुक्ति कार्यपालिकाबाट गर्ने नभई स्वतन्त्ररूपको न्याय परिषद्बाट गर्ने पद्धति अपनाएको हुँदा न्यायाधीशको संसदीय सुनुवाइको छुट्टै प्रबन्ध गरिनु आवश्यक र औचित्यपूर्ण हुँदैन ।

१४. न्यायाधीश नियुक्ति गर्दा राजनीतिक भागबन्डा र आफ्ना मान्छे नियुक्ति गर्ने प्रवृत्ति बढेको भन्ने आक्षेप लागिरहेको सन्दर्भमा न्यायाधीशको नियुक्तिसम्बन्धी समग्र पद्धतिको पुनरावलोकन हुनु आवश्यक देखिएको छ । न्यायपालिकालाई कुनै पनि प्रकारको राजनीतिक वा व्यक्तिगत दबाब र प्रभावबाट मुक्त गर्न र न्यायाधीशको नियुक्तिका विषयमा उठ्ने गरेका आक्षेपहरूलाई न्यूनीकरण गर्न कुनै पनि दलीय राजनीतिमा संलग्न नरहेको व्यक्तिलाई योग्यता, क्षमता, न्यायिक निष्ठा र इमान्दारिताका आधारमा मात्र न्यायाधीशको पदमा नियुक्ति गरिनुपर्दछ ।

१५. जिल्ला न्यायाधीशको पदमा नियुक्ति गर्दा लामो समयसम्म न्याय सेवाको अधिकृतका रूपमा कार्य गरी हासिल गरेको विशेष ज्ञान

र अनुभवलाई उपयोग गर्दै न्याय सेवाका अधिकृतहरूबाट मात्र गर्ने व्यवस्था राखिनु उपयुक्त हुन्छ। स्थानीय अदालतको न्यायाधीश पनि न्याय सेवाका अधिकृतहरूबाटै नियुक्ति गरिने व्यवस्था गरिनुपर्दछ।

१६. न्यायिक स्वतन्त्रताका अन्तर्राष्ट्रिय स्तरमा स्वीकृत मापदण्डअनुरूप न्यायाधीशलाई कार्यक्षमताको अभाव भएको वा खराब आचरण गरेको भन्ने तथ्य पुष्टि भएमा मात्र कारवाही गर्ने व्यवस्था आधुनिक लोकतान्त्रिक संविधानमा राखिएको हुन्छ। त्यसैले न्यायाधीशलाई कारवाही गर्नका लागि सो बाहेकका अन्य आधारहरू संविधानमा राखिनुहुँदैन भन्नेमा हाम्रो विशेष जोड रहेको छ।

१७. न्यायाधीशको नियुक्ति न्यायाधीशहरूकै बाहुल्यता रहेको स्वतन्त्र निकायबाट हुनुपर्ने स्वतन्त्र न्यायपालिकासम्बन्धी अन्तर्राष्ट्रिय स्वीकृत मान्यता हो। यसर्थ भावी संविधानमा न्यायाधीशको नियुक्ति, सरूवा र कारवाहीको लागि प्रधानन्यायाधीशको अध्यक्षतामा सर्वोच्च अदालतका वरिष्ठतम् दुईजना न्यायाधीश, कानून मन्त्री र कुनै पनि राजनीतिक दलसँग पाँच वर्षदेखि संलग्न नरहेको प्रतिष्ठित वरिष्ठ कानूनवेत्ता वा राष्ट्रिय जीवनमा ख्याति प्राप्त स्वतन्त्र व्यक्ति सदस्य रहने पाँच सदस्यीय न्याय परिषद् रहनुपर्दछ। प्रान्तीय, जिल्ला वा स्थानीय अदालतका न्यायाधीशको नियुक्तिसमेत न्याय परिषद्बाटै हुनुपर्दछ। सरूवाको हकमा स्थानीय अदालतबाहेक जिल्ला र पुनरावेदन तहका न्यायाधीशहरूको हकमा देशभरि नै हुनसक्ने व्यवस्था गरिनुपर्दछ।

१८. न्यायपालिकाभित्र हुने भ्रष्टाचार विरूद्ध शून्य सहनशीलता अपनाउनु आवश्यक हुन्छ। एउटा व्यक्तिको कारणबाट वा कुनै घटना विशेषको आधारमा समग्र न्यायपालिकाको छविलाई नकारात्मकरूपमा प्रस्तुत गर्ने र बुझ्ने वर्तमान प्रवृत्तिको अन्त्यका लागिसमेत न्यायपालिकामा कार्यरत कर्मचारीलगायत कुनै पनि तहका न्यायाधीशका सम्बन्धमा लाग्ने भ्रष्टाचारजन्य गम्भीर आरोपहरूलाई न्यायपालिका स्वयम्ले विवेकपूर्ण, कानूनसम्मत र पद्धतिगतरूपमा सम्बोधन गर्न जरूरी छ। तसर्थ न्यायिक उत्तरदायित्वको सुनिश्चितताको लागिसमेत सर्वोच्च अदालतको परामर्शमा स्वतन्त्र न्यायिक जवाफदेहिता तथा उत्तरदायित्व निकाय गठन गर्नसक्ने व्यवस्था संविधानमा राखिनुपर्छ।

१९. नेपाली जनताको बढ्दो सरदर आयु र छिटो सेवानिवृत्त हुँदा निष्कृय जनशक्तिको कारण राज्यको व्ययभारमा पर्ने असर तथा न्यायाधीशहरूले लामो समयसम्म प्राप्त गरेको विशिष्ट अनुभवलाई सेवामा लिने औचित्यतासमेतका आधारमा सबै तहका अदालतका न्यायाधीशहरूको वर्तमान अवकाशको उमेरको हद पुनरावलोकन गरी ७० वर्षसम्म बनाउनु आवश्यक छ। २० वर्ष

वा सो भन्दा बढी अवधि सेवा गरिसकेका न्यायाधीश वा न्यायसेवाका कर्मचारीहरूले स्वेच्छिक अवकाश लिन चाहेमा आकर्षक र थप सुविधा सहितको योजना लागू गरी स्वेच्छिक अवकाशको प्रावधानसमेत समावेस हुनुपर्दछ । साथै न्यायपालिकाका कर्मचारीहरूको अवकाशको उमेरसमेत तदनुकूल पुनरावलोकन गरिनुपर्दछ।

२०. सर्वोच्च अदालतको न्यायाधीशबाट सेवा निवृत्त भएका व्यक्तिलाई कानून व्यवसाय गर्न वा अन्य सरकारी पदमा नियुक्त हुन नपाउने अवस्था रहेको परिप्रेक्ष्यमा न्यायाधीशको सेवानिवृत्त जीवन पनि मर्यादित हुनुपर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यतालाई आत्मसात् गरी सेवानिवृत्त भएपछि पनि पदमा बहाल रहँदाको अवस्थामा पाएसरहको सुविधा नघट्ने गरी न्यायाधीशहरूको निवृत्तिभरण तलवसरह हुने व्यवस्थाको संवैधानिक प्रत्याभूति हुनुपर्दछ । त्यस्तो व्यवस्था नहुने हो भने सर्वोच्च अदालतका न्यायाधीशबाट निवृत्त भएका व्यक्तिहरूलाई हालको जस्तो राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्षबाहेक अन्य संवैधानिक वा राजनीतिक नियुक्तिको पदमा समेत निषेध गर्ने व्यवस्थामा परिवर्तन गरी संवैधानिक वा राजनीतिक पदमा नियुक्तिलाई ग्राह्य मानिने संवैधानिक व्यवस्था गरिनुपर्दछ । साथै न्यायाधीशको सेवा र कार्यप्रकृति समान हुने हुँदा यो सुविधा अन्य सबै तहका न्यायाधीशहरूको हकमा समेत लागू गरिनुपर्दछ।

**न्यायिक उतरदायित्व र न्यायाधीशहरूको आचार संहिताको प्रभावकारी कार्यान्वयन सम्बन्धमाः**

२१. न्यायालयले स्वतन्त्रतापूर्वक र निष्पक्ष भएर जनताका हक अधिकारको संरक्षण गर्नको लागि न्यायिक स्वतन्त्रताको प्रत्याभूति आवश्यक हुन्छ । न्यायिक स्वतन्त्रताले न्यायाधीशलाई तथ्य र प्रमाणका आधारमा बाहिरी प्रभाव र हस्तक्षेपबाट मुक्त रही निष्पक्षरूपमा निर्णय गर्न सक्ने स्वतन्त्रता प्रदान गर्दछ। न्यायाधीशका अनैतिक काम, व्यक्तिगत स्वार्थ, अनुचित महत्त्वाकाङ्क्षाको ढाकछोप र संरक्षण गर्ने साधनको रूपमा न्यायिक स्वतन्त्रताको उपयोग स्वीकार्य हुँदैन । न्यायिक निकाय र यसमा कार्यरत न्यायाधीशलगायतका पदाधिकारीहरूमा आफूले सम्पादन गरेको कामकारवाहीको जवाफदेहिता रहेको हुन्छ । अतः राज्यका अन्य अङ्गहरू जस्तै न्यायपालिकाले पनि सार्वजनिक परीक्षणबाट उन्मुक्ति पाउन सक्तैन।

२२. न्यायाधीशहरू आफ्नो कामप्रति जवाफदेही हुनैपर्दछ । न्यायाधीशको जवाफदेहिता निजले सम्पादन गर्ने कामकारवाही र आचरणको पालनाबाट प्रदर्शित हुने विषय हो । स्वतन्त्रता, निष्पक्षता, निष्ठा, सदाचार, समानता, सक्षमता र लगनशीलता जस्ता न्यायाधीश आचारसंहिताको आधारभूत मान्यताहरूको प्रभावकारी कार्यान्वयनका

लागि न्यायाधीश स्वयम्मा आत्मबोध भई स्वःस्फूर्त र सिर्जनात्मक क्रियाशीलताको आवश्यकता महसुस गर्दै पेशागत इमान्दारिता र आचरणगत शुद्धताको छवि जनमानसमा दिनको लागि न्यायाधीशको आचारसंहिता, २०६५ कठोर पालना गर्न आवश्यक छ। सो आचार संहिताको पूर्ण पालना गर्दै हामी सबै न्यायाधीशहरू समाजमा आदर्श र उदाहरणीय व्यक्तित्वको रूपमा प्रस्तुत हुने प्रतिबद्धता व्यक्त गर्दछौं।

२३. न्यायाधीशको आचारसंहिता, २०६५ को पालनाको अनुगमन गर्न न्यायपालिकाभित्रै उपयुक्त संयन्त्रको निर्माण गरी सन्तोषजनकरूपमा पालना नगरेको अवस्थामा सम्बन्धित न्यायाधीशलाई जिम्मेवार बनाउने पद्धतिको विकास गरिनुपर्दछ।

**न्यायपालिकाको समसामयिक समस्या एवम् चुनौतीहरू र भावी कार्यदिशाः**

२४. न्यायपालिकाबाट सम्पादन हुने काम कारवाहीलाई छिटो छरितो, अनुमानयोग्य र विश्वसनीय बनाउनु आवश्यक छ। यसका लागि तोकिएको कार्य तोकिएकै समयमा सम्पादन हुन्छ भन्ने विश्वास सेवाग्राहीलाई दिइनुपर्दछ। अदालतहरूले मुद्दाको कारवाही प्रक्रियाका सम्बन्धमा अनिवार्यरूपमा समयतालिका पद्धति र खासखास मुद्दाको निरन्तर सुनुवाइ गर्ने पद्धतिलाई प्रभावकारीरूपमा लागू गर्नेलगायतका मुद्दा व्यवस्थापन प्रणालीलाई आधुनिकीकरण गरिनुपर्दछ।

२५. न्याय महँगो भयो भन्ने जनगुनासो आइरहेको सन्दर्भमा न्यायिक काम कारवाहीलाई पवित्र, मितव्ययी, छिटोछरितो, गुणस्तरीय, पारदर्शी, सहज पहुँचयुक्त र सुनिश्चित बनाउनका लागि न्यायिक प्रक्रियाका सहयात्री कानून व्यवसायीहरूसँग आफ्नो र आफ्नो व्यावसायिक स्वार्थभन्दा माथि उठेर मुद्दाको खर्चको पारदर्शिता, व्यावसायिक सीप विकास, आचरणमा शुद्धता र सामाजिक उत्तरदायित्व वहन गर्ने प्रतिबद्धतासहितको सहयोगको हामी विशेष अपेक्षा राख्दछौं।

२६. न्यायपालिकाको समग्र विकासमा योजनाबद्ध कार्यक्रमहरूको आवश्यकता महसुस गर्दै न्यायपालिकाको परिदृश्य, परिलक्ष्य र मूल्यहरूलाई समेत परिभाषित गरी २०६१ सालदेखि लागू गरिएको न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना हाल तेस्रो चरणमा प्रवेश गरेको छ। विगतमा सो योजना कार्यान्वयनबाट प्राप्त भएका उपलब्धिहरूलाई जगेर्णा गर्ने र कार्यान्वयनमा देखिएका कमीकमजोरीहरू हटाई आगामी दिनमा न्यायपालिकाको आवश्यकता अनुसारका कार्यक्रमहरू समेट्दै प्रभावकारीरूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं। साथै, योजनाले निर्धारित गरेका लक्ष्य अनुसारको प्रगति हासिल गर्नका लागि सम्बन्धित सरोकारवाला सबैको सकारात्मक

सहयोगको अपेक्षा गर्दछौं।

२७. न्यायपालिकाको रणनीतिक योजनाको कार्यान्वयनको लागि न्यायपालिकामा कार्यरत जनशक्तिको महत्त्वपूर्ण भूमिका रहन्छ। न्यायिक जनशक्तिलाई उत्प्रेरित गर्ने कार्यक्रमहरूको अभावमा सो योजनाको प्रभावकारी कार्यान्वयन हुन सक्तैन। तसर्थ त्यस्तो जनशक्तिको सेवाशर्त र सुविधाहरूमा पुनरावलोकन गरी गुणस्तरीय जनशक्तिलाई आकर्षित गर्ने, उपयुक्त ढङ्गले पदस्थापन एवम् सरूवा व्यवस्थापन गर्ने तथा बढुवालगायतका वृत्ति विकासका पर्याप्त अवसरहरूको सिर्जना गरी उच्च मनोबलयुक्त जनशक्ति तयार गर्ने व्यवस्था हुनुपर्दछ।

२८. कुनै पनि राष्ट्रको विकास र सम्मृद्धिलाई त्यो राष्ट्रको न्यायप्रणालीको सापेक्षतामा हेरिन्छ। न्याय व्यवस्थाको सुनिश्चितताबाट मात्र मुलुकको सर्वाङ्गीण विकास सम्भव हुने भएकोले न्याय पद्धतिको विकासको लागि राज्यले यस क्षेत्रको लगानीलाई न्यून प्रतिफलयुक्त र अनुत्पादक क्षेत्रका रूपमा नहेरी उच्च प्राथमिकताका साथ विधिको शासन अन्तर्गत शान्तिसुरक्षा, न्याय र विकासको पारस्परिक सम्बन्धको आवश्यकता अनुरूप लगानी गर्ने संस्कृतिको विकास गर्नुपर्दछ।

२९. न्यायिक जनशक्तिको सक्षमताबिना प्रभावकारी र सक्षम न्याय सम्पादन हुन सक्तैन। त्यसको लागि न्यायिक उच्च शिक्षा, व्यावसायिक तालिम तथा न्यायिक सीप र कौशल अभिवृद्धि गर्ने अवसरहरू उपलब्ध हुनुपर्दछ। न्यायिक जनशक्तिलाई एक्काइसौं शताब्दीमा विकसित न्याय र कानूनका नवीनतम् अवधारणाहरू अनुरूप परिमार्जित र परिष्कृत गराउँदै उनीहरूमा प्रतिष्पर्धी क्षमता अभिवृद्धि गराउनका लागि स्पष्ट नीति निर्धारण गरी देशभित्र र वैदेशिक अध्ययन र तालिममा समेत समानुपातिक ढङ्गले सहभागी गराइनुपर्दछ।

३०. न्याय सम्पादनको कार्य न्यायाधीशको नियन्त्रणमा रहेन भने लक्षित प्रगति हासिल हुन कठिन हुन्छ। मुद्दाको कामकारवाहीमा अदालत र न्यायाधीशको पूर्ण नियन्त्रण कायम गर्न हाल बाधक रहेका कानूनी व्यवस्थाहरूको शीघ्र पुनरावलोकन र सुधार गरी अदालत नियन्त्रित मुद्दा प्रवाह व्यवस्थापनलाई गतिशीलता दिनुपर्दछ। मुद्दा फछ्र्यौटको कार्यमा न्यायाधीशलाई थप जिम्मेवार बनाउन सबै तहका अदालतमा न्यायाधीशलाई नै मुद्दा जिम्मा लगाउने पद्धति लागू गरिनुपर्दछ। सर्वोच्च अदालतमा समेत आवश्यकता अनुसार देवानी, फौजदारी र संवैधानिक विषयमा विशिष्टीकृत इजलास गठन गरिनुपर्दछ।

३१. प्रभावकारीरूपमा फैसला कार्यान्वयन भएमा मात्र न्यायको उद्देश्य पूरा हुन्छ। वर्तमान न्याय पद्धतिमा फैसला कार्यान्वयन गर्ने जिम्मेवारीसमेत न्यायपालिकाले लिनुपर्ने बाध्यता भएको र सम्बन्धित निकायहरूको

वाञ्छित सहयोग र स्रोत साधन प्राप्त नभइरहेको कारणबाट समेत प्रभावकारीरूपमा फैसला कार्यान्वयन हुन नसकी न्यायपालिकाप्रतिको जनआस्थाप्रति नकारात्मक प्रभाव परेको छ । त्यसैले अदालतबाट भएका फैसलाहरूको कार्यान्वयनका लागि सम्बन्धित निकायहरूबाट न्यायपालिकालाई भरपूर सहयोग उपलब्ध हुनुपर्दछ । साथै दीर्घकालीनरूपमा अदालतका फैसलाहरूको कार्यान्वयनको जिम्मेवारी कार्यपालिका र यस अन्तर्गतका सम्बद्ध निकायहरूले लिने गरी प्रचलित कानूनमा संशोधन हुनुपर्दछ ।

३२. न्यायिक कार्यमा ढिलाइ हुनुको एउटा प्रमुख कारण हामीसँग रहेको पुराना कानूनहरूको समयानुकूल संशोधन हुन नसक्नु र आवश्यकतानुसार नयाँ कानूनको निर्माण हुन नसक्नु पनि हो । न्यायिक सुधारको अभीष्टप्राप्तिका लागि अपराध संहिता, देवानी संहिता तथा तत्सम्बन्धी कार्यविधि संहिताहरू समेत यथाशीघ्र पारित हुनुपर्दछ र यी संहिताहरूले गरेका नयाँ कानूनी व्यवस्थाका सम्बन्धमा न्यायाधीशलगायत सम्बन्धित सरोकारवालाहरूबीच व्यवस्थित ढङ्गले सम्प्रेषण गर्नका लागि उपयुक्त पूर्वाधारहरू खडा गरी तालिम, अन्तरक्रिया, गोष्ठीलगायतका कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ ।

३३. न्यायिक काम कारवाही विशिष्ट प्रकृतिको हुने हुँदा न्यायाधीशलगायत न्यायपालिकाको कर्मचारीको पारिश्रमिक र सुविधा निर्धारण गर्दा स्वतन्त्र आयोग (Pay Commission) गठन गरी सो आयोगको प्रतिवेदनको आधारमा गरिनुपर्दछ ।

३४. न्याय प्रणालीको प्रभावकारिता अभिवृद्धि गर्ने कार्य न्यायपालिकाको एक्लो प्रयासले मात्र सम्भव हुँदैन । यसको सफलता वा असफलतालाई न्यायपालिकामा मात्र सीमित गरी एकाङ्कीरूपमा पनि हेरिनुहुँदैन । यसको लागि नेपाल बार एसोसिएसन, महान्यायाधिवक्ताको कार्यालय, नागरिक समाज, पत्रकार जगतलगायत राज्यका सम्बन्धित सबै निकाय र मुद्दाका पक्षहरूको समेत सकारात्मक भूमिकाको हार्दिक अपेक्षा गर्दछौं ।

३५. न्यायपालिकामा रिक्त रहेका पदहरू लामो समयसम्म पूर्ति नहुँदा सेवाप्रवाहमा नकारात्मक असर पर्ने भएकाले न्यायाधीशलगायतका रिक्त सबै पदहरू रिक्त हुनुभन्दा अगावै नियुक्तिको प्रक्रिया प्रारम्भ गरी रिक्त हुनासाथ तत्काल पदपूर्ति हुने व्यवस्था गर्नुपर्दछ ।

३६. अदालतका कामकारवाहीहरूबारे सही ढङ्गले सूचना सम्प्रेषण हुनुपर्ने आवश्यकतालाई मनन् गर्दै कुनै मुद्दाको सम्बन्धमा अदालतबाट भएको आदेश वा फैसलाको विषय वा अदालतमा विचाराधीन मुद्दामा अल्प सूचनाको आधारमा यथार्थ खोजी नै नगरी अदालत वा न्यायाधीशउपर लाञ्छना लाग्ने गरी सञ्चार माध्यममा समाचार सम्प्रेषण

हुने गरेकोप्रति हाम्रो ध्यानाकर्षण भएको छ । यसबाट न्यायाधीशले स्वतन्त्रतापूर्वक न्याय सम्पादन गर्ने काममा बाधा पुग्ने एवम् अदालतप्रतिको जनआस्थामा समेत प्रतिकूल असर पर्ने भएकोले सञ्चार क्षेत्रले न्यायिक कामकारवाहीबारे सूचना सम्प्रेषण गर्दा संवेदनशील, जिम्मेवार र उत्तरदायी भई समाचार सम्प्रेषण गर्नेछ भन्ने विश्वास व्यक्त गर्दछौं ।

३७. सर्वोच्च अदालतको कार्यबोझ व्यवस्थापन गर्ने तथा खास प्रकृतिका विवादहरू विशिष्टीकृत अदालतबाट हेरिनुपर्ने मान्यताअनुरूप सरकारी सेवासम्बन्धी कानूनसँग सम्बन्धित सबै खाले विवादहरू प्रशासकीय अदालतले हेर्ने गरी कानूनी व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

३८. यस राष्ट्रिय सम्मेलनको समुद्घाटन समारोहमा उपस्थित भई महत्त्वपूर्ण सम्बोधन गर्नुभएकोमा यो सम्मेलन सम्माननीय राष्ट्रपति डा.रामवरण यादवज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । साथै, सम्माननीय प्रधानमन्त्री श्री सुशील कोइराला र सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्बाङप्रति विशेष धन्यवाद व्यक्त गर्दछौं । सम्मेलनको सफल आयोजनाको लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

मितिः २०७१।०८।०३

# न्यायाधीशहरूको दोस्रो राष्ट्रिय सम्मेलनका केही तस्वीरहरू

